# अध्यायः एक (CHAPTER : ONE)

# परिचय (INTRODUCTION)

## १. परिचय (INTRODUCTION)

### १.१ अध्ययनको पृष्ठभूमि (BACKGROUND OF THE STUDY)

सहकारीताको अवधारणा मानव सभ्यताको उत्पति र विकास क्रमसँग भएको हो । आधिकारिक रुपमा विश्वमा सहकारी संस्थाको प्रादुर्भाव हुनुपूर्व स-साना समुदाय भित्र सिमित व्यक्तिहरु परस्पर मिलेर आफ्नो पहिचान तथा नैतिक मान्यताका आधारमा निश्वार्थ भावनाद्वारा प्रेरित भएर एक आवसमा सहयोग गर्ने परम्परागत संस्थानका रुपमा सहकारी संचालन भएको पाइन्छ । हालसम्म पनि यस्ता अनौपचारिक संस्थाहरु सामान्य नियम तथा नैतिक मान्यताका आधारमा संचालन भइरहेको अवस्था छ । सन् १८४४ मा बेलायतको मेनचेस्टर शहरको रोचडेल भन्ने स्थानमा २८ जना रोचडेली प्रवर्तकहरुले उपभोक्ता सहकारी पसलबाट संचालन भएको रोचडेल इक्विटेवल पाइनियर को अपरेटिभ सोसाइटीको प्रभाव आज विश्वमा फैलिदै गएको छ । विश्वमा संचालन भइरहेका सहकारी संघ संस्थाहरुलाई एकै छानामुनी राखेर संगठित रुपमा अगाडि बढाउनको लागि सन् १८९५ मा अन्तर्राष्ट्रिय सहकारी महासंघको स्थापना भयो र यसै महासंघले सहकारीको परिभाषा मूल्य तथा सिद्धान्तहरुको प्रतिपादन गरि विश्वभरमा सहकारीहरु संचालनको  लागि मार्गदर्शन प्रदान गरेको छ (घिमिरे २०६८) ।

"सबैका लागि एक र एकका लागि सबै" आदर्शलाई आत्मसाथ गर्दै सहकारी पद्धति विश्वमा छुट्टै दर्शनको रुपमा स्थापित भएको छ । सहकारी संस्था सदस्यहरुको स्रोत साधनलाई संगठित गरी सदस्यहरुद्वारा सदस्यका लागि सञ्चालित सङ्गठन हो । यो संस्था कुनै निहित स्वार्थद्वारा प्रेरित र पूर्ण एकाधिकार जमाउने संगठन होइन नत यो संस्था सरकारको संगठन नै हो । वित्तिय सहकारीलाई विश्वमा विभिन्न नामले चिनाइने गरिएको छ । उदाहरणका लागि अमेरिका र युरोपमा वित्तिय कारोवार गर्ने सहकारीलाई डेडिट युनियन भनिन्छ भने अफ्रिकी मुलुकहरुमा सेभिङ्ग एण्ड क्रेडिट को अपरेटिभ भनिन्छ । श्रीलंका लगायत केही देशहरुमा थ्रिफ्ट एण्ड क्रेडिट सोसाइटिको नामबाट वित्तिय

सहकारीको नामाकरण गरिएको पाइन्छ । को अपरेटीभ सरल बैंकको नामबाट गाँउ गाउँमा वित्तिय कारोबार गर्ने श्रीलंकामा १४ सय बढी सहकारीहरु सक्रिय छन् । को- अपरेटीभ बैंकको प्रचलन भारत र यूरोपका धेरै मुलुकहरुमा सामान्य विषय हो । नेपालमा वित्तिय कारोबार गर्न एउटा सहकारी बैक र थुप्रै विषय संस्थामा वित्तिय कारोबार गर्ने सहकारीहरु बचत तथा ऋण सहकारीको नामबाट संचालनमा रहेका छन् । सहकारी मार्फत बहुसंख्यात्मक सहकारीहरुले बचत संकलन गर्ने र ऋण लगानी गर्ने कामहरु गर्ने गरी विभिन्न नामबाट सहकारी सक्रिय रहेका हुन्छन् यस आधारमा भन्ने हो भने वित्तिय कारोबार कृषि क्षेत्रका सहकारीहरु बहुउद्देश्य सहकारीहरु, महिला सहकारीहरु तथा पेशागत र संगठित समुदायहरुले स्थापना गरेका तर नाममा वित्तिय कारोबार चिनीने शब्दहरु प्रयोग नगरेका सहकारीहरुबाट समेत व्यापक रुपमा गरिएको पाइन्छ । विश्व ऋण परिषदले वित्तिय सहकारी संचालनका लागि ९ वटा सिद्धान्तहरु तय गरेको छ । खुल्ला र स्वेच्छिक, सदस्यता, प्रजातान्त्रिक, नियन्त्रण भेदभावरहित सदस्यहरुलाई सेवा, सदस्यहरुलाई वितरण, वित्तिय स्थिरता कायम गर्ने, अनवरत शिक्षा सहकारीहरु बिचको सहयोग र सामाजिक दायित्व यसले प्रतिपादन गरेका ९ वटा सिद्धान्तहरु हुन् । सिद्धान्तले सहकारीका समग्र ७ सिद्धान्तको अनुसरण गरेको छ (ढकाल, २०६९) ।

### नेपालमा सहकारी संस्थाको विकासक्रम

वि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापना भएपछि सहकारिताको माध्यमबाट देश विकास गर्नका लागि विभिन्न प्रयासहरुको थालनी भयो । वि.सं. २०१० सालमा सहकारी विभागलाई योजना विकास तथा कृषि मन्त्राालय अन्तर्गत राखी संस्थागत रुपमा सहकारीताको विकासको सुरुवात भयो । यो विभागले कृषकहरुलाई सरलतापूर्वक समयमा ऋणप्रदान गर्नका लागि सहकारी ऋण समितिहरु पनि स्थापना गरियो तर सहकारी सम्बन्धी ऐन नियमको अभाव र दक्ष कर्मचारीको कमिले गर्दा सहकारी विभागले ठोस काम गर्न सकेन । वि.सं. २०११ सालमा श्री ५ को सरकारबाट बढि पीडित जनतालाई बसोबास गराउन बहुमुखी विकास योजना सुरु गर्दा सहकारीताको महसुस गरी देशमा योजनाबद्ध विकासको सुरुवातमा यस लाई पनि समावेश गरियो । यसैको फलस्वरुप वि.सं. २०१३ सालमा चितवन जिल्लामा अमेरिकाको सहयोगमा सञ्चालित राष्ट्रिय विकास आयोजना अन्तर्गत १३ वटा ऋण सहकारी संस्थाको स्थापना भएको थियो । २०१५ सालमा सहकारी

विभाग ग्रामीण विकास बैंकको प्रशासनिक नियन्त्रणमा राखि सहकारी सम्बन्धी कार्यहरु अगाडि बढाइयो । सहकारीताको विकासको क्रममा वि.सं. १०१६ सालमा महत्वपूर्ण कोसेढुङ्गा सावित भयो । त्यस वर्ष सहकारी संस्था ऐन २०१६ प्रकाशित भयो। वि.सं. २०१८ सालमा सहकारी संस्था ऐन अनुसारका सहकारी संस्था नियमावलीको तर्जुमा भई सहकारी विकास कोष खडा गरियो । सहकारीलाई संस्थागत रुपमा संचालन गर्दै लैजानका लागि वि.सं. २०१९ सालमा सहकारी प्रशिक्षण केन्द्रको स्थापना गरियो । सहकारीमा संलग्न जनशक्तिलाई शिक्षा तथा तालिम दिलाउने व्यवस्था गरियो । २०२० सालमा सहकारी बैंकको स्थापना भएपनि २०२४ सालमा गाउँ फर्क राष्ट्रिय अभियानमा सहकारी कार्यक्रमलाई पनि समावेश गरि अगाडि बढाउने कार्य गरियो । वि.सं. २०२५ सालमा सहकारी विभाग अन्तर्गत संचालित संस्थाहरुको प्रशासन भूमि सुधार मन्त्रालय अन्तर्गत रहेपनि सहकारी संस्थाहरुको प्रशासन भूमि सुधार विभागलाई सुम्पियो । वि.सं. २०२६ सालमा सहकारी विभाग भूमि सुधार मन्त्रालय अन्तर्गत रहेपछि सहकारी संस्थाहरुको प्रशासन सहकारी विभागबाट संचालन गरियो । सर्वप्रथम भक्तपुर जिल्लामा अनिवार्य बचत सहकारी संस्थाको सेयरको रुपमा हस्तान्तरण गरियो । सहकारी संघसंस्थाको पुन गठन र एकिकरण गरि निर्दिष्ट सहकारी कार्यक्रम लागु गरियो । वि.सं.२०२७ सालमा सहकारी सूद्धीकरण कार्यक्रम अन्तर्गत सहकारी संघसंस्थाहरुको व्यवस्थापन कृषि विकास बैंकलाई दिइयो । वि.सं. २०३३ सालमा ग्रामिण विकासका लागि संस्थागत विकास गर्ने साझा कार्यक्रम लागू गरियो । यस कार्यक्रम अन्तर्गत ३० जिल्ला हरेक गाविसमा बहुमुखि सहकारी संस्था खोलियो । पूँजि व्यवस्थापनका लागि अनिवार्य बचत सहकारी संस्थाका शेयरमा परिणत गरियो । वि.सं. २०३५ सालमा सहकारी संघसंस्थाको व्यवस्थापन कृषि विकास बैङ्कबाट संघसंस्थाकै संचालक समितिलाई जिम्मा लगाइयो । गुणात्मक विकासका लागि सहकारी एकिकरण गरियो । वि.सं. २०३७ सालमा तत्कालिन संविधानको संशोधन हुँदा राज्यका निर्देशक सिद्धान्तमा सहकारीतालाई मेरुदण्डको रुपमा समावेश गरियो । वि.सं. २०४१ सालमा साझा संस्था ऐन जारी भयो । वि.सं. २०४४ सालमा उच्चस्तरीय साझा विकास कृषि मन्त्रालयमा सारियो । वि.सं. २०४५ सालमा राष्ट्रिय सहकारी महासंघ परामर्श समिति बनाई प्रतिवेदनहरु पेश भयो । वि.सं. २०४८ सालमा राष्ट्रिय विकास वोर्डको विकास भयो । सहकारी ऐन २०४८ र नियमावली २०४९ जारी भएपछि २०५० सालमा राष्ट्रिय सहकारी संघको स्थापना भएको थियो । समयको क्रम सँगै सहकारी ऐनमा केहि

संशोधन गर्न आवश्यक महशुस गरि वि.सं. २०५७ सालमा प्रथम पटक सहकारी ऐन २०४८ को संशोधन गरियो । यसरी नेपालमा भएका सहकारीताको प्रारम्भ र विकासक्रम यसरीनै सामुदायिक प्रथा पर्मा, धर्म, भकारी, ढिकुरी तथा गुठीबाट हालको अवस्थामा आइपुग्यो (सहकारी प्रकाशन केन्द्र, २०६६) ।

## नेपालमा सहकारी संस्था संचालन गर्ने कानुनी प्रावधान

देशका कृषक कालिगढ, कम पूँजीवाला र निम्न आयवर्ग, श्रमिक भूमिहिन तथा वेरोजगार वा सामाजिक कार्यकर्ताले सर्वसाधारण उपभोक्ताको आर्थिक तथा सामाजिक विकासका लागि पारस्परिक सहयोग र सहकारिताको आधारमा विभिन्न किसिमका सहकारी संस्था र संघहरुको गठन र संचालन सम्बन्धी व्यवस्था गर्न सकिनेछ । जसका लागि निम्न प्रावधानहरु रहेका छन् ।

- प्रारम्भिक सहकारी संस्था खोल्नका लागि कम्तिमा २५ जना व्यक्तिहरु सदस्य हुनुपर्ने
- विषयगत संघ खोल्नका लागि कम्तिमा ५ वटा प्रारम्भिक सहकारी संस्थाहरु सदस्य भएको हुनुपर्ने
- जिल्ला सहकारी संघ खोल्नका लागि पाँचवटा प्रारम्भिक सहकारी संस्था र पाँचवटा विषयगत संघ सदस्य भएको हुनुपर्ने ।
- केन्द्रिय सहकारी संघ खोल्नका लागि प्रारम्भिक सहकारी कम्तिमा २५ वटा विषयगत संघ कम्तिमा पाचवटा सदस्य भएको हुनुपर्ने ।
- राष्ट्रिय सहकारी संघका लागि विषयगत संघ, जिल्ला सहकारी संघ र केन्द्रिय सहकारी संघ गरी कम्तिमा १५ वटा संघ संस्थाहरु सदस्य भएको हुनुपर्ने ।
- यस ऐन अन्तर्गत बनेका नियमहरुको अधिनमा रहि संस्था वा संघले आफ्नो कार्य सञ्चालन गर्न विनियम बनाउन सक्नेछ । यसरी बनाएको विनियम रजिष्ट्रर स्वीकृत गरेपछि लागू हुनेछ ।
- प्रत्येक संघ वा संस्थाको संचालन तथा व्यवस्थापन सो संस्था वा संघको विनियम बमोजिम हुनेछ ।
- विनियममा संस्था वा संघको नाम ठेगाना, कार्यक्षेत्र, उद्देश्य सञ्चालन विधि तथा तोकिए बमोजिमका अन्य विवरणहरु खुलाइएको हुनुपर्नेछ ।

- विनिमयको संशोधन सम्बन्धित संघ वा संस्थाको साधारण सभामा उपस्थित सदस्यहरुको दुई तिहाई बहुमतले गर्न सक्नेछ ।
- प्रत्येक संस्था वा संघले दर्ता भएको मितिले तिन महिना भित्र प्रारम्भिक साधारण सभा गराउनुपर्ने र प्रत्येक आर्थिक वर्षको समाप्त भएको ६ महिनाभित्र प्रत्येक संस्था वा संघले वार्षिक साधारण सभा गराउनुपर्ने हुन्छ ।
- साधारण सभाले सञ्चालक समिति, लेखा समिति, उप समिति समितिको सदस्यको निस्काशन वा समितिको विघटन, उपसमितिहरुको चयन कर्मचारी तथा सल्लाहकारको नियुक्ति गर्नेछ ।

कृषि तथा सहकारी नीति शाखा, २०६९

## १.२ समस्याको कथन (Statement of the Problem)

सहकारी क्षेत्रको विकासको लागि विगतमा धेरै प्रयासहरु भएता पनि अपेक्षित उपलब्धी हासिल हुन सकेको छैन । राष्ट्रिय सहकारी नीतिको तर्जुमा हुन नसक्दा सहकारी क्षेत्रको बहुआयामिक विकासका लागि स्पष्ट मार्गचित्रको अभाव रहेको थियो । प्रचलित सहकारी ऐनमा समय सापेक्ष परिमार्जन हुन नसकेकोले सहकारी संघ संस्थाहरुको दर्ता सञ्चालन प्रभावकारिता ल्याउन सकिएको छैन । ग्रामिन पिछडिएका गरिब किसान भूमिहिन, कृषि मजदूरहरुको लागि एथेष्ट रुपमा संस्थागत रुपमा ऋण सुविधा त्यस्तैउत्पादनका नयाँ प्रविधिहरु उपलब्ध हुन सकेका छैनन् । जसले गर्दा ग्रामिण किसानहरु पूरानै प्रविधिबाट कृषि कार्य गर्न बाध्य छन् । नेपालमा फैलिदै गएको सहकारीताको मर्म र भावना नेपाली समाजको तल्लो तहका गरिब सहकारीका सदस्यहरुले अझै पनि सहि ढंगले बुझ्न सकेका छैनन् । जसको एउटा कारण निम्न वर्ग नसमेटिनु हो भने अर्को सहभागी सदस्यहरु बिच निर्णय प्रक्रियामा समान हैसियत कायम हुन नसक्नु हो । सामाजिक संस्थाले राजनीतिक पूर्वाग्रहका कारण समाजमा विखण्डन ल्याएको छ । न्यून आय भएका गरिब तर व्यक्तिगत ज्ञान सिप भएका मानिसहरुको आर्थिक उपार्जनको प्रभावकारी माध्यम सावित हुन सकेको छैन । वर्तमान समयमा बचत तथा ऋण सहकारी संस्थाहरु शहर तथा ग्रामिण क्षेत्रमा धमाधम खुलीरहेका छन् । यस्ता संस्थाहरुमा संचालक समितिले रकमको हिनामिना गर्ने, अपारदर्शीता आदि जस्ता मुख्य समस्याहरु नेपाली वर्तमान समाजमा विद्यमान छन् ।

नेपाल एक कृषि प्रधान देश हो । यहाँका करिब ६५ प्रतिशत मानिसहरु कृषि पेशामा लागेको तथ्याङ्कले देखाइएको छ । कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान कुल अर्थतन्त्रको एक तिहाई अर्थात् ३३ प्रतिशत रहेको छ भने सहकारी क्षेत्रको मात्र ३ प्रतिशत रहेको अनुमान छ । यति हुँदाहुँदै पनि ग्रामिण क्षेत्रमा कृषकहरुले पूरानै परम्परागत प्रविधिको माध्यमबाट कृषि पेशाहरु सञ्चालन गरीरहेका छन् । त्यस्तै गरी कृषि ऋणहरु पनि चर्को व्याज तिरी साहु महाजन व्यापारीहरुबाट लिएर आफ्नो उत्पादनबाट भन्दा बढि साँवा र व्याज तिर्नुपर्ने अवस्था विद्यमान छ । यो बाध्यताहरुलाई मध्यनजर गरेर कृषकहरु आफू संगठित हुने र सहकारीताको माध्यमबाट आफूलाई परेको आर्थिक तथा प्राविधिक समस्याको समाधान आफै गर्ने हेतुले गाउँ समुदायमा कृषि सहकारी संस्थाको अवधारणा विकास भएको छ । कृषि पेसालाई जिवन निर्वाहमुखि बनाई व्यवसायिक रुपमा अगाडि बढाई यसबाट ग्रामिण कृषकको आर्थिक तथा शैक्षिक क्षेत्रको विकास गराउने र त्यतिमात्र नभएर कृषकहरुको जिवन निर्वाह गर्नको लागि आवश्यक पर्ने कुराहरु गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा र मनोरञ्जनको समेत परिपूर्ति सहज गर्नसक्ने अवस्था सहकारीको माध्यमबाट आउने देखिन्छ ।

नेपालको अन्तरिम संविधान २०६३ ले अर्थतन्त्रको विकासमा लिएको तिन खम्बे नीति अनुरुप एउटा खम्बाको रुपमा सहकारीलाई लिएको छ । देशभर सहकारीको संख्यामा तिबता आईरहेको देखिन्छ । देशको ७५ वटै जिल्लामा सहकारीले सेवा पुऱ्याउदै आएको छ तरपनि ग्रामिण कृषकहरुलाई सहकारीमा आबद्ध गरेर उनीहरुको आर्थिक तथा शैक्षिक क्षेत्रमा सुधार गराउने कुरामा आशातित सुधार आउनसकेको देखिदैन । त्यसैले २०२२ सम्ममा अति कम विकासित मुलुकको सूचिबाट विकशित देशको सूचिमा पुऱ्याउने योजनालाई टेवा दिन ग्रामिण कृषकहरुलाई ध्यान दिएर उत्पादनमा वृद्धि तथा जनताको जिवनस्तरलाई माथि उठाउनको लागि सहकारीको माध्यमबाटै सफलता हासिल हुने देखिन्छ । कृषकहरुलाई विभिन्न सिपमूलक तालिम, आर्थिक उपार्जनमा वृद्धि गर्नका लागि नयाँ प्रविधिको माध्यमबाट पेशा व्यवसाय सञ्चालनको लागि अनुदान तथा ऋण सहयोग गरी आधुनिक ढंगबाट कृषि पेशा गर्नु पर्ने आवश्यकता छ । उत्पादकत्वमा वृद्धि गर्ने र हालको गरिबी बेरोजगारी कृषि क्षेत्रका पछौटेपन जस्ता कुराहरुको निवारण गरी देशलाई नै मजबुत ढङ्गले अगाडी बढाउन कृषि सहकारी संस्थाले सहयोग पुऱ्याउने देखिन्छ ।

सहकारी संस्थाहरुको विकासको क्रममा पनि आफ्नो समस्याहरु रहेका छन् । जस्तै प्रशस्त पूँजी नहुनु, व्यवस्थापन पक्ष कमजोर हुनु, सहकारी संस्थाहरु सम्म कृषकहरुको पहुँच नहुनु जस्ता समस्याहरु रहेका छन् । यस्ता खाले समस्याहरुलाई निराकरण गर्न र कृषकहरुलाई सहकारीको बारेमा चेतना जगाउने र त्यसबाट आफ्नो आर्थिक र शैक्षिक क्षेत्रमा के-कस्तो सुधार ल्याउन सकिन्छ भन्ने विषयमा समेत अध्ययन केन्द्रित रहेको छ । सहकारीमा आवद्ध भइसकेपछि आफ्नो पेशा व्यवसायमा कस्तो सहजता आयो र त्यसले आर्थिक उपार्जन र शिक्षाको क्षेत्रमा कस्तो प्रभाव पर्‍यो जस्ता कुराहरुको उत्तर खोज्ने प्रयास गरिएको छ । त्यसैले यस अध्ययनको घ्याम्पेसाल बचत तथा ऋण सहकारी संस्थामा संलग्न सदस्यहरुको आर्थिक स्थिति तथा उनीहरुका बालबालिकाको शैक्षिक क्षेत्रमा पारेको प्रभावको अध्ययन प्रमुख कथन रहेको छ ।

## १.३ अध्ययनको उद्देश्य (Objective of the Study)

यस अध्ययनको साधारण उद्देश्य गोरखा जिल्ला मसेल गा.वि.स.मा रहेको घ्याम्पेशाल बचत तथा ऋण सहकारी संस्थाको सदस्यहरुको आर्थिक अवस्थामा कार्यको प्रभाव तथा उनीहरुको बालबालिकाको शैक्षिक क्षेत्रमा पारेको अध्ययन गर्नु रहेको छ भने विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

१. घ्याम्पेसाल बचत तथा ऋण सहकारी संस्थाको परिचय उल्लेख गर्नु ।

२. घ्याम्पेसाल बचत तथा ऋण सहकारी संस्थामा आबद्ध सदस्यहरुको आर्थिक अवस्थाको विश्लेषण गर्नु ।

३. घ्याम्पेसाल बचत तथा ऋण सहकारीमा संलग्न सदस्यका बालबालिकाहरुको शैक्षिक अवस्था पत्ता लगाउनु ।

## १.४ अध्ययनको औचित्य (Rational of the Study)

नेपालमा रहेको अदृश्य बेरोजगारीको स्थिति भयावह छ त्यसैले कृषि क्षेत्रमा संलग्न किसानहरुलाई सक्रिय बनाउन बचत तथा ऋण सहकारीले सहयोग पुर्‍याउन सक्दछ । सहकारीले नेपालको आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा मह□वपूर्ण भूमिका खेलेको छ ।

सहकारी आर्थिक विकासका लागि तिन खम्बा मध्ये एक मान्न थालिएको छ जसले आर्थिक विकासको ३३ प्रतिशत हिस्सा ओगट्नु पर्ने हुन्छ ।

नेपालमा विकसित सहकारी अभियानले सहकारीहरुको व्यावसायिक सीप र क्षमताको वृद्धि गरी आर्थिक सामाजिक क्षेत्रमा अवश्य नै सहयोग पुऱ्याउने छ । विकाशोन्मुख देशको विकासको लागि सहकारीको मह□वलाई तलका उक्तिले पनि स्पष्ट पार्ने छ । “अपनाऔ पद्धति सहकारी हटाऔ गरिबी र बेरोजगारी” सहकारी स्मरिका राष्ट्रिय संघ, लि. २०६२ चैत्र २० त्यस्तै “गाउँ-गाउँमा सहकारी घरघरमा भकारी” जस्ता नाराले पनि सहकारीको मह□वलाई अझ झल्काउन सकिन्छ ।

आर्थिक विकासमा पछाडी परेका मुलुकहरुको लागि त दरो साहारा हो यही यथार्थलाई मनन गरेर नेपालको अन्तरिम संविधानमा सहकारीको माध्यमबाट अर्थतन्त्रको विकास गर्ने सोच राखेको छ । त्यही मर्म एंव भावना अनुरुप अन्तरिम योजनाले पनि लोक कल्याणकारी आर्थिक विकासको माध्यमबाट गरिबी निवारण गर्ने एक प्रमुख क्षेत्र सहकारी हो भनी सोहि अनुरुपका नीति निर्माण भएका छन् । यिनै कार्यक्रमलाई मूर्तरुप दिन वार्षिक बजेट मा सहकारीलाई प्रमुख अंगको रुपमा स्विकार गरि कार्यक्रम ल्याइएको छ । सहकारीबाट अर्थतन्त्रलाई पुग्ने प्रमुख योगदानलाई मूर्तरुप दिन यसमा विद्यमान समस्या र चुनौतिलाई कम गरी अवसरहरुलाई बढि भन्दा बढि प्रयोग गरि अझ बढाउन निजी, सार्वजनिक र सहकारी क्षेत्र सकारात्मक सोचका साथ प्रयासरत हुनुपर्ने हुन्छ । वर्तमान समयमा राज्यको आर्थिक, सामाजिक र शैक्षिक विकासका लागि सहकारी अपरिहार्य साधन बनेको छ ।

नेपालको सहकारी रोजगारीको सिर्जना र गरिबी निवारणको दिशातर्फ उन्मुख छ । प्राप्त उपलब्धीको प्रभावकारी लेखाजोखामा कठिनाई रहेका कारण वास्तविक तथ्याङ्क बाहिर ल्याउन नसकिएता पनि ग्रामीण क्षेत्रमा जागरण ल्याउन, बित्तीय सेवा पुऱ्याउन, बचत गर्ने बानिको विकास गर्न, रोजगारीको सिर्जना गर्न, कृषि क्षेत्रलाई आधुनिकिकरण गर्न, महिला सशक्तिकरण गर्न विभिन्न समुदाय र जातजातिलाई एउटै सुत्रमा आवद्धगरी सामाजिक सहभागितामा वृद्धि गर्ने जस्ता महत्वपूर्ण कार्यमा सहकारी क्षेत्रको उल्लेखनिय भूमिका देखिन्छ ।

सहकारी समुदायमा आधारित सेवामुखी व्यवसायिक स्वायत्त संगठन हो । यसले स्वावलम्बन र समतालाई बढावा दिंदै प्रजातन्त्रलाई सुदृढ पार्दछ । सहकारी संघ संस्थाका सदस्यहरुले इमान्दारिता, खुलापन सामाजिक दायित्व र अरुको चासो राख्ने जस्ता नैतिक मूल्यहरुमा विश्वास राख्दछ । म को सट्टा हामीहरु र मेरो को सट्टा हाम्रो लागि आर्थिक तथा सामाजिक उद्यम गरौं भन्ने मूल आदर्श रहेको सहकारी संस्थामा बचत तथा ऋणको माध्यमबाट ग्रामिण क्षेत्रमा समेत बित्तीय परिचालन भई बैंक सम्म पहुँच नभएका समुदायहरुको पहुँच बृद्धि हुनका साथै लैङ्गिक हिंसा जस्ता सामाजिक विकृति कम गनर्न सहकारी सस्थाहरु खासगरी महिला सहकारी संस्थाहरु सहायक सिद्ध भएका छन् ।

गोरखा जिल्ला मसेल गा.वि.स. मा सञ्चालित घ्याम्पेसाल बचत तथा ऋण सहकारी संस्थाले मसेल गा.वि.स लगायत यस संस्थासँग आवद्ध सदस्यहरुको आर्थिक शैक्षिक अवस्था सुधार गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिएको छ । सहकारी संस्थाले त्यससँग आबद्ध रहेका सदस्यहरुको आर्थिक स्थितिमा के-कस्तो सुधार, ल्याएका छन् । सहकारीको वर्तमान अवस्था कस्तो किसिमको छ, त्यहाँ रहेका सदस्यहरुको आर्थिक स्थिति पहिलेको र अहिलेको अवस्थामा कस्तो परिवर्तन आएको छ । सहकारी संस्थामा संलग्व्न सदस्यहरुको बालबालिकाको शैक्षिक क्षेत्रमा कस्तो किसिमको प्रभाव पारेको छ भन्ने सन्दर्भमा यो अध्ययन उपयोगि हुनेछ । यसका साथसाथै यस अध्ययनको महावलाई निम्न अनुसार राख्न सकिन्छ ।

१. सहकारी संस्थाले सदस्यहरुको जीवनस्तर सुधारको के-कस्ता कार्यक्रम गरिरहेको छ र कसरी सञ्चालन गरिएको छ ।

२. सहकारी सम्बन्धी नीति निर्माणको लागि नीति निर्माण गर्न सहयोग मिल्नेछ ।

३. सहकारी संस्थामा संलग्न सदस्यहरुको पहिलेको र वर्तमान अवस्था पहिचान गर्न उपयोगी हुनेछ ।

४. सहकारीमा संलग्न सदस्यहरुको लागि सहकारी सम्बन्धी ज्ञान विस्तार गर्न उपयोगी हुनेछ।

५. सहकारी सम्बन्धी थप अध्ययन अनुसन्धानको लागि सहयोग पुग्नेछ ।

## १.५ अध्ययनको सीमा (Limitation of the Study)

यस अध्ययनमा निम्न सिमाहरु रहेका छन् ।

१. यस अध्ययनमा गोरखा जिल्ला मसेल गा.वि.स. लाई मात्र लिइएको छ ।

२. यो अध्ययन सहकारीमा संलग्न सदस्यहरुसँग मात्र सिमित रहेको छ ।

३. यस अध्ययनमा मसेल गा.वि.समा अवस्थित घ्याम्पेसाल बचत तथा ऋण सहकारी संस्थालाई मात्र लिइएको छ ।

४. यस अध्ययनमा सहकारी संस्थामा संलग्न सदस्यहरुको पहिलेको र वर्तमान अवस्थाको आर्थिक पक्षको अध्ययन गरिएको छ ।

५. यस अध्ययनमा मसेल गा.वि.स. का घ्याम्पेसाल बचत तथा ऋण सहकारी संस्थामा संलग्न सदस्यहरुको बालबालिकाको शैक्षिक प्रभावको बारेमा अध्ययन गरिएको छ ।

## १.६ अध्ययनको संगठन (Organization of the Study)

यस अध्ययनको अध्याय एकमा परिचय खण्ड रहेको छ । यस अन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, अध्ययनको सीमालाई समावेश गरिएको छ । अध्याय दुईमा सम्बन्धित साहित्यको पुनरावलोकन रहेको छ । जस अन्तर्गत सैद्धान्तिक साहित्यको पुनरावलोकन पूर्व साहित्यको समिषा र अध्ययनको सैद्धान्तिक वा अवधारणात्मक ढाँचा रहेको छ । अध्याय तीनमा अनुसन्धान विधि रहेको छ । यस अन्तर्गत अनुसन्धान पद्धति रहेको छ । यसमा अध्ययनकोढाँचा, जनसंख्या, नमुना छनोट, तथ्याङ्क संकलन विधि रहेको छ । अध्याय चार अन्तर्गत तथ्याङ्कको प्रस्तुती र विश्लेषण रहेको छ । अध्याय पाँच अन्तिम अध्याय हो । यस अध्यायमा सबै कुराहरुको सारांश, निष्कर्षँ, प्राप्तिहरु र सुझावहरु प्रस्तुत गरिएको छ । यससँगै अध्ययनको सिलसिलामा उपयोगमा ल्याएका अनुसूचिहरु तथा सन्दर्भ सूचीलाई समेत समावेश गरिएको छ ।

## १.७ मुख्य शब्दावलीको परिभाषा (Definition of the Key Terms)

सहकारी : सामुहिक प्रयत्नद्वारा एक आपसमा सहयोग आदान प्रदान गरी सामुहिक हितका लागि "सबैका लागि एक र एकका लागि सबै" सिद्धान्तका आधारमा गठन भएको संस्था ।

शेयर सदस्य : सहकारी संस्थाको कुल सम्पत्तिमा आफ्नो निश्चित प्रतिशत हिस्सा भएको व्यक्ति ।

आम्दानी : वस्तु तथा सेवा विक्री गरेबापत प्राप्त गरिएको रकम

खर्च : वस्तु तथा सेवा खरिद गर्दा भूक्तान गरिने रकम

बचत : आम्दानी र खर्च बिचको अन्तर

साक्षर : आफ्नो नाम लेख्न र पढ्न सक्ने मानिस

निरक्षर : आफ्नो नाम लेख्न र पढ्न नसक्ने मानिस

विपन्न वर्ग : आर्थिक, सामाजिक, भौतिक, मानविय र प्राकृतिक स्रोत साधनमा पहुँच तथा नियन्त्रणकोआधारमा पछाडि परेका र पारिएक उपभोक्तहरु

औपचारिक शिक्षा : पूर्व निर्धारित लक्ष्य तथा उद्देश्य प्राप्तीका लागि योजनाबद्ध रुपले दिइने शिक्षा

## अध्याय - दुई (CHAPTER : TWO)

## २. सन्दर्भ साहित्यको पुनरावलोकन (Review of Related Literature)

यस अध्यायमा अध्ययन तथा अनुसन्धान शीर्षकसँग सम्बन्धित विभिन्न पाठ्यपुस्तकहरु अनुसन्धान प्रतिवेदनहरु पत्रपत्रिका जस्ता अभिलेखको पुनरावलोकन गरिने छ । यो अनुसन्धान प्रस्ताव तयार गर्दा पुनरावलोकन गरिने अभिलेखलाई निम्नानुसार उल्लेख गरिएको छ ।

### २.१ अध्ययनको सैद्धान्तिक अवधारणा (Review of Theretical Literature)

(कोइराला, २०६६) को एक अध्ययन अनुसार सहकारी भावनाको शुरुवात सन् १८४४ मा बेलायतको मेनचेष्टर शहर नजिकै रकडेल समाजमा भएको थियो । जसमा २८ जना युवाहरु, जो विभिन्न कारखानामा मजदुर थिए । उनीहरुले १/१ पाउण्ड रकम जम्मा गरेर सोही पूँजीबाट उपभोक्ता भण्डार खोलेका थिए । सहकारी संस्थाको सफल संचालनार्थ रक्डेल समाजले केही नियमहरु बनाइ कारखानाका मालिक र वितरकहरुको एकाधिकार लाई चुनौती दिंदै यस संस्थाले बेलायतका गल्ली गल्लीमा उपभोक्तासहकारी पसल सञ्चालन गर्‍यो । सहकारीमा देखिएका सकारात्मक प्रभावका कारण सन् १८९५ मा बेलायतमा अर्न्तराष्ट्रिय सहकारी महासंघको स्थापना भयो । महासंघको उद्देश्य विश्वका सहकारी संघठनहरुको बीचमा आपसी भ्रातृत्व र सहकार्यताको स्थापना गर्नु थियो । उक्त महासंघले सहकारीका प्रवर्तक र पथप्रदर्शक रहडेल सोसाइटीको सो सम्बन्धी र मान्यतालाई आत्मसाथ गर्दै सहकारीका नियमहरुमा सन् १९६६ मा समय सापेक्ष परिमार्जन गर्‍यो । कल-कारखानाहरुमा श्रमिकको रुपमा काम गरेका Robert Owen लाई आधुनिक सहकारीताको जन्मदाता मानिन्छ ।

कृषि विकास वैंक, (२०५९), का अनुसार ग्रामिण र शहरी क्षेत्रमा गरिब र कमजोर वर्गको सानोतिनो आर्थिक क्षमतालाई सहकारी सिद्धान्त अनुसार एकजुट गरी सिर्जित सामुहिक शक्ति र प्रयासद्वारा कृषि उद्योग विकास, घरेलु मूलक र उद्योग व्यवसायीको प्रवर्द्धन एंव सामुहिक सेवाहरुको विस्तार र परिचालन गरी ग्रामिण अर्थतन्त्रलाई क्रियाशिल गराउनु उत्तिकै आवश्यक छ । त्यसैले राष्ट्रमा सहकारीताको विकासका लागि योजना गर्ने ढङ्गबाट राष्ट्रिय योजना आयोगले निम्नानुसार क्रियाकलाप समावेश गरेको पाइन्छ । पहिलो

पञ्चवर्षिंय योजना (२०१३-२०१८) मा सहकारी संस्थाको गठन दर्ता तथा कार्य सञ्चालनमा व्यवस्थित बनाउन श्री ५ को सरकारबाट वि.सं. २०१३ सालमा कार्यकारी आदेश जारी भई अस्थाई कारणको व्यवस्था गरियो । यसै बमोजिम पहिलो ऋण सहकारी संस्था चितवन जिल्लामा गठित दुन बहुमुखी विकास योजना अन्तर्गत वि.सं. २०१३ सालमा गठन भई सहकारी आन्दोलनको सूचपात्र गरियो । पहिलो योजनाको अन्त्यमा सहकारी संघ संस्थाको संख्या ३७८ पुगेको थियो । जसमध्ये ३ वटा दूग्ध उत्पादन सहकारी संस्था थिए ।

राष्ट्रिय सहकारी बोर्ड, (२०६६), का अनुसार नवौं योजना (२०५४/०५५-२०५८/०६९) मा लोप हुन लागेको लुलु असामी जातका गाईहरुको संरक्षण गर्ने र विभिन्न खाद्य उद्यमी तयार गर्ने उद्देश्यले १२०० जना भन्दा बढी सम्भाव्य व्यवसायीहरुलाई सीपमूलक तालिम उपलब्ध गराइएको थियो । दशौं योजना (२०५९/२०६४) मा सहकारी तथा निजी क्षेत्रको समेत सहभागितामा कृषिजन्य वस्तुहरुमा आधारित उद्योग एंव व्यवसायको प्रवर्द्धन गर्दै आन्तरिक बजार विकासको साथसाथै निर्यात प्रवर्द्धन गर्ने उद्देश्य लिइएको थियो । एघारौं त्रिवर्षीय योजना (२०६४-२०६७) मा सहकारी मार्फत गरिबी निवारण नै मुख्य योजनाको रुपमा लिएको थियो । जसमा गाउँगाउँमा सहकारी घरघरमा भकारी नारा दिइएको थियो । यसरी पहिलो प्राथमिकता र दोस्रो प्राथमिकता समूहलाई सहकारीकरण गर्ने पिछडिएका महिला, दलित तथा आदिवासीको उत्थान गर्ने गरि गरिबी निवारण कार्यक्रमलाई नै प्राथमिकतामा जोड दिइएको छ ।

राष्ट्रिय सहकारी बोर्ड (२०६९), का अनुसार सहकारीले नेपालमा आर्थिक सामाजिक तथा शैक्षिक क्षेत्रमा राम्रो स्थान बनाइसकेको छ । जसमा वि.स.. २०१३ सालबाट सहकारीको इतिहास सुरु भएदेखि अहिलेसम्म आईपुग्दा सहकारीतामा ठूलो संख्यामा संलग्नता र सम्भावना पाइन्छ । वि.सं. २०७० साल सम्म आपुग्दा ३५००० भन्दाबढि क्षेत्रमा १३% को हाराहारीमा सहकारी क्षेत्रबाट योगदान भई सहकारीले देशको आर्थिक सामाजिक र शैक्षिक विकासमा स्थापित भईसकेको छ ।

सहकारी विभाग, (२०७१) का अनुसार सहकारीको उपादेयताको बारेमा जनचेतना वृद्धि भएको हुने, सहकारी क्षेत्रमा तालिम प्राप्त जनशक्तिका संख्यामा वृद्धि भएको हुने, नियमन कार्य प्रभावकारी र व्यवस्थापनमा सुधार आई सहकारी क्षेत्रमा शुशासन कायम भएको हुने, सहकार क्षेत्रमा प्रत्यक्ष रोजगार र स्वरोजगारीको संख्यामा वृद्धि भएको हुने र

महिला, दलित, गरिब एंव पछि परेको समुदायका व्यक्तिको जीवनस्तरमा सुधार ल्याउन योगदान पुगेको हुनेछ । साथै २०६९/७० मा केन्द्र र जिल्लास्तरका सहकारीहरुको संख्या २४२ रहेकोमा ३३० पुगेको हुने, प्रारम्भिक सहकारीहरुको संख्या २६५०० बाट ३५०० पुगेको हुने र सहकारीमा आबद्ध संख्या ४० लाखबाट बढेर ५० लाख पुगेको हुनेछ । यसैगरी यस क्षेत्रमा सेयर पूँजी ४५ अर्ब, बचत संकलन १७० अर्ब र ऋण लगानी १७० अर्ब पुगेको हुनेछ ।

नेपाल राष्ट्र बैंक (२०६९), को एक अध्ययन अनुसार आफ्ना निश्चित उद्देश्य आगवश्यकता वा समस्याको समाधानको निम्ति व्यक्तिहरुको सामूहिक संलग्नता, निरन्तरता, आर्थिक सहभागिता वा पूँजीगत योगदान र प्रजातान्त्रिक ढङ्गबाट समान मान्यताहरुले अबलम्बनगरी इच्छित उद्देश्यको परिपूर्ति संस्थाको प्रबर्द्धद स्वामित्व र नियन्त्रण व्यक्तिहरुको आफ्नो आवश्यकता पूरा हुने गरी गरिने एउटा पद्धति नभै सहकारीता हो । अन्तर्राष्ट्रिय सहकारी महासंघले सहकारीलाई परिभाषित गर्दै भनेका छ भने संयुक्त स्वामि□व र प्रजातान्त्रिक पद्धतिबाट नियन्त्रित व्यक्तिहरुको स्वेच्छिक सहभागिताबाट गठित स्वायत्त संगठन जसले उनीहरुको साझा आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकता र आकांक्षाको परिपूर्ति गर्दछ जसलाई सहकारी भनिन्छ । सहकारी संस्थाका माध्यमबाट तथा ऋण, दूग्ध, सुपथ मूल्य पसल चिया, कफी, तरकारी, तथा फलफुल, कृषि, मह, उखु, जुनार, जडिबुटी, स्वास्थ्य, पर्यटन र संचार आदि क्षेत्रमा व्यवसाय गर्ने गरी सहकारी संस्थाहरु स्थापना हुने क्रम बढिरहेको छ ।

अर्थ मन्त्रालय (२०६८), को एक अध्ययन अनुसार शताब्दीयौं देखि विकासको राष्ट्रिय मूल धारबाट पछाडि पारिएका महिला, दलित, जनजाती, आदिवासी, पिछडावर्ग, भूमिहिन किसान, विपन्न, मुसलमान, मधेसी जस्ता वर्ग समूह समुदाय र दुर्गम क्षेत्रलाई सहकारीको माध्यमबाट उत्पादक शक्तिमा रुपान्तरण गरिने छ । सहकारीलाई उत्पादन वृद्धि, गरिबी तथा असमानता न्यूनिकरण आघात प्रतिस्थापन, निर्यात प्रवर्द्धन, रोजगारी सिर्जना र सामाजिक न्याय र सद्भाव प्रवर्द्धन गर्ने आधारशीलाको रुपमा विकसित गर्न "गाउँ गाउँमा सहकारी घर घरमा रोजगारी" राष्ट्रिय कार्यक्रमलाई अभियानको रुपमा विस्तार गरिनेछ । स्थानीय स्रोत र साधन, पूँजी र श्रम उपयोग गरी समावेशी आर्थिक आधार निर्माण गर्न सक्ने खम्बाको रुपमा सहकारीलाई स्थापित गरिनेछ ।

नेपाल (२०६८), को एक अध्ययन अनुसार १८ औं शताब्दीमा बेलायतमा ठूलो औद्योगिक क्रान्ति भयो यसको परिणाम स्वरुप त्यहाँको अर्थतन्त्र र सामाजिक जीवनमा ठूलो परिवर्तन आयो । स-साना ग्रामीण घरेलु उद्योगहरुका ठाउँमा ठूला-ठूला उद्योगहरु स्थापना भए । ग्रामीण भेगका मानिसहरु रोजगारीका लागि शहर पस्न थाले र विभिन्न उद्योगमा काम गर्न थाले । घरेलु उद्योग ठूला उद्योगसँग प्रतिस्पर्धा गर्न नसकी धमाधन बन्द हुँदे गए । मानिसहरु बेरोजगार हुन थाले । उद्योगपतिहरुले प्रशस्त मुनाफा आर्जन गरे पनि मजदुरको हक हितमा काम गरेनन् । अस्वस्थ वातावरण, कम ज्याला र बढी कामका कारण धेरै मजदुरहरु बिरामी परी  दुर्घटना परि मरे । यसरी उद्योगपति र पूँजीपतिको चरम शोषणबाट पीडित बेलायतका मजदुरहरु आफ्नो हकहित, गरिबी उन्मुलन गर्न र रोजगारीका लागि एक आपसमा संगठित हुन थाले । पूँजीवादी क्रान्तिले उत्पन्न गरेको विभिन्न चुनौतिहरु र सम्भावनाको बारे.मा वहस हुन थाल्यो । प्रसिद्ध अर्थशास्त्रीहरु एडम स्मिथ र रिकार्डोले प्रतिस्पर्धाको सिद्धान्तलाई बढी मह□व दिए भने रोवर्ट आवेनले न्याय र समानताको पक्षलाई बढी जोड दिए त्यसैले उनलाई आधुनिक सहकारी आन्दोलनका जनक मानिन्छ ।

## २.२ अनुसन्धान साहित्यको पुनरावलोकन (Review of Emperical Literature)

अर्याल (२०६९), को एक अध्ययन अनुसार धादिङ्ग जिल्लाको भूमिस्थान गा.वि.स मा सञ्चालित साना किसान सहकारी संस्था लि.ले छोटो समयमानै सदस्य संख्यामा वृद्धि बचत संकलन र ऋण प्रवाहमा वृद्धि गराउनुको साथै धेरै मात्रामा महिलाहरुलाई समेट्न सफल भएको थियो । सहभागी किसानहरु मा सरसफाइमा वृद्धि, सानो सुखी परिवार बनाउने प्रवृत्तिमा आधुनिक उपचार गर्ने प्रवृत्तिमा तुलनात्मक रुपले विकास हुनुका साथै साक्षरतामा पनि वृद्धि भएको थियो । सहभागी किसानहरुलाई सस्तो व्याजदरमा संस्थागत सुख-सुविधा उपलब्ध गराएको उत्पादनमूलक कार्यमा सक्रिय भई बढि आम्दानी गर्न सक्षम भएका, सिपमूलक तालिमले रोजगारीमा वृद्धि भएको र किसानहरु दुरुपयोग रोक्ने कार्यमा सक्रिय हुँदै आएका थिए । यस कार्यमा समूह निर्माण समय-समयमा बैंठक बस्नुपर्ने बचत गर्नुपर्ने बाध्यता सामुहिक र व्यक्तिगत जमानत जस्ता कारणले पद्धतिगत जटिलताहरु रहेको पाइएता पनि समग्रमा यस कार्यक्रमले स्थानिय साना किसानहरुमा सकारात्मक प्रभाव पारेको थियो ।

अधिकारी (२०६९), ले गरेको एक अध्ययन अनुसार सहकारी एउटा प्रजातान्त्रिक समाजको जग बलियो बनाउने माध्यम मात्र होइन नेपाली महिला शशक्तिकरण, अपाङ्ग, बालबालिका, दलित, जनजाति, पिछडिएका वर्ग समुदायको उन्नती स्थानिय स्रोत साधनको संरक्षण उपभोग र परिचालन एंव द्वन्द्व व्यवस्थापन गर्दै गरिबी निवारण गर्न नीजि क्षेत्रको विकल्पको रुपमा महत्वपूर्ण कार्य गर्न सकिन्छ ।

ओझा (२०६४) ले गरेको एक अध्ययनमा साना किसान तथा व्यवसायीहरु एक आपसमा बसेर अन्तरक्रिया गर्ने, समस्या र भावना साटासाट गर्ने वातावरण बनेको छ । मुख्य उपलब्धी यो छ कि गरिब र भूमिहिन मानिसहरुले आफुलाई एक्लो र कमजोर महसुस गरेका छैनन् । समाजमा देखा परेका विभेदलाई सहकारी संस्थाहरुले धेरै हदसम्म न्यूनिकरण गर्दै लगेको छ । जस्तै : लैगिंक असमानता जातिगत भेदभाव, सामन्ती मनोवृत्तिमा परिवर्तन देखा परेको छ । सहकरीी संस्थाका माध्यमबाट महिलाहरुले सामाजिक, आर्थिक क्रियाकलापहरुमा सहभागिता बढाउने अवसर पाएका छन् । विभिन्न किसिमका सीपमूलक र आयमूलक तालिमले सदस्यहरुलाई दक्ष बनाई आत्मनिर्भर बनाएको छ । साधारण जनताहरुमा नियमीत बचत गर्ने बानीको विकास भएको छ । पारिवारीक बचत र लगानी दरमा वृद्धि हुँदै गएको छ । पूँजी अभावमा खेर गएको जनशक्ति रोजगारीका लागि उत्प्रेरित भएको छ ।

कोइराला (२०६६), को एक अध्ययनमा सहकारी प्रत्येक वर्ग, समुदाय र क्षेत्रका व्यक्तिलाई सामुहिक भावनाका साथ व्यक्तिगत उन्नति, प्रगतिमा अगाडि बढाउने लक्ष्य बोकेको विशुद्ध सामीजक संस्था हो । समाजमा विद्यमान विभिन्न प्रकार असमानताहरुलाई हटाई सबै सदस्यहरुलाई एकताको सुचना आवद्ध गराई राष्ट्र निर्माणमा सबैको उपस्थिति र सक्रियता बढाउने स्वच्छ अभियान हो । सहकारी क्षेत्रबाट अर्थतन्त्रलाई पुग्ने प्रमुख योगदानलाई मूर्तरुप दिन यसमा विद्यमान समस्या र चुनौतीलाई कम गरी अझ बढाउन नीजि, सार्वजनिक र सहकारी क्षेत्र सकारात्मक सोचका साथ प्रयासरत रहनुपर्ने हुन्छ । आर्थिक विकासका विभिन्न पाटाहरु हुन्छन् जसमध्ये सहकारी प्रमुखअंगको रुपमा दुई खुट्टा मध्ये एक भनी स्वीकारीएको सोह्रै आना समय सान्दर्भिक हो । सहकारी संस्थालेआफ्ना सदस्यहरुलाई शिक्षा प्रदान गर्ने कार्य गर्दछ । हाम्रो देशमा वास्तविक सहकारी संस्थाका सदस्यहरुको वर्तमान अवस्थातर्फ ध्यान दिँदा सहकारीता र शिक्षाको कार्यक्रमलाई साथसाथै

लान नसकेको खण्डमा सहकारी कार्यक्रम सफल हुन गाह्रो पर्ने देखिन्छ । यस कारणले पनि सहकारी संस्थाहरुले शैक्षिक कार्यक्रम संचालन गर्नुपर्ने हुन्छ । यसबाट सदस्यहरुको आर्थिक, सामाजिक, सांस्कृतिक तथा व्यवस्थापकिय ज्ञान वृद्धि हुन्छ र आफ्ना भावि सन्नतीहरुको शैक्षिक संरक्षण गर्ने सोचमा विकास हुन्छ । सहकारीले आय आर्जन गर्न प्रोत्साहन गर्दछ भने अर्कोतर्फ आर्जित आयलाई समुचित उपयोग गर्न वास्तविक र व्यवहारिक ज्ञान पनि प्रदान गर्दछ । त्यसैले निष्कर्षमा यो भन्न सकिन्छ कि राज्यको आर्थिक, सामाजिक र शैक्षिक विकासको लागि सहकारी अपरीहार्य साधन हो ।

आचार्य (२०६९), कृषिको आधुनिकिकरणमा साना तथा सिमान्तकृत किसानहरुलाई बढ्दो बजारको मागसँग सम्पर्क कायम गराउन कृषि सहकारी संस्थाको ठूलो भूमिका रहेको हुन्छ । यसका लागि सहकारीको भूमिका महत्वपूर्ण हुने कुरामा दुईमत छैन । तसर्थ ग्रामिण र गरिबी निवारणका सन्दर्भमा कृषि र सहकारी एक रथ हुन् यि दुवै पक्षको सहकार्य र समन्वयबाट गरिबी निवारणका साथै स्थानयि विकासमा सम्भव देखिन्छ ।

अधिकारी, (२०६७) विभिन्न स्थानमा सञ्चालित विभिन्न सहकारी संस्थाहरुले त्यहाँको जनताहरुको आर्थिक विकासमा प्रत्यक्ष सकारात्मक प्रभाव पारेको पाइयो । सहकारी संस्थाहरुले मुख्य गरी, किसान, व्यवसायी, तरकारी खेती किसान, व्यापारी र नोकरी सेवा वर्गका मानिसहरुलाई सहयोग पुऱ्याएको छ । पहिला बैंकमा पैसा बचत गर्न जाने समय पाउन नसक्ने वर्ग घरमा काम गर्ने तथा महत्वपूर्ण समयको बाबजुत बैंकमा उपस्थित नहुने बृद्धिजीवि वर्ग, बृद्ध केटाकेटी आदि समेतलाई सहयोग र सहकार्यको पाठ सिकाई सचेत बनाउन सफल भएको छ । यसरी समाजमा पछि परेका महिलाहरुको स्थितिमा पनि व्यापक सुधार ल्याएको पाइन्छ । महिलामा बचत गर्ने बानीले गर्दा शिक्षा, स्वास्थ्य क्षेत्रमा पहुँच पुऱ्याउन सहकारीले मद्दत गरेको छ ।

खतिवडा, (२०७०) सानो-सानो पूँजीसंकलन गरी सदस्यहरुबिच बचत तथा ऋणको कारोबार गर्दै अघि बढेको सहकारी संस्था हाल आएर देशकै अर्थतन्त्रमा प्रत्यक्ष असर पार्ने आर्थिक कारोकारमा स्पष्ट नीति सहित सहकारीलाई जोड दिंदै अघि बढिरहेको छ । देश लामो समयदेखि द्वन्द्वको चपेटामा तथा श्रम र औद्योगिकरणमा कमी आएको समयमा समेत बचत तथा ऋण सहकारीको समग्रमा आर्थिक विकासलाई टेवा दिन सक्षम भएको देखिन्छ ।

सहकारीले समुदायमा रकमको सुरक्षाको प्रत्याभूति दिन सकेको र जनताको आस्था र विश्वासलाई समेटेर सहकारीलाई बचाएर राख्न सफल भएको छ ।

## २.३ साहित्यको पुनरावलाकेन अध्ययनको प्रयोग (Implication of the review for the study)

सहकारी विकास कार्यक्रमका सहभागी स्थानिय समुदाय र कृषकहरुको सामाजिक, आर्थिक र शैक्षिक रुपले बढी सक्षम उन्नतिशील भएका छन् । सहकारी विकास कार्यक्रमबाट विभिन्न क्षेत्रमा सञ्चालित सहकारीबाट जीवनका सबै पक्षहरुबाट प्रभावित हुँदै आएको पाइन्छ । यसैगरी सहकारी संस्थाको स्थापनाले गर्दा विभिन्न तहको जनशक्तिलाई प्रत्यक्ष रोजगार उपलब्ध गराएको छ भने अप्रत्यक्ष रुपमा विभिनन पेशा, उद्योग व्यापार र व्यवसायद्वारा लाखौं व्यक्तिलाई रोजगार दिने कार्य गर्दै आएको छ ।

कृषि सहकारी विकास कार्यक्रमले सस्तो व्याजदरमा संस्थागत रुपमा साख सुविधाहरु उपलब्ध गराउँदै आएको सहभागि किसानहरु उतपादनमूलक कार्यक्रम गरी बढि आम्दानी गर्न सफल भएका छन । तर यति हुँदा हुँदै कृषि सहकारी विकास कार्यक्रम प्रति अझै पनि कतिपय एजेन्सी तथा दातृसंस्थाहरु अनविज्ञ रहेकोले व्यापक प्रचारप्रसारको आवश्यकता देखिन्छ । समग्रमा भन्नुपर्दा सहकारी विकास कार्यक्रमले धेरै उपलब्धिहासिल गरे तापनि सहकारी संस्थाहरु पूर्ण रुपमा सफलतामा पुग्नसकेका छैनन् । जुन कुरा सहकारी संस्थाहरुले प्राप्त गरेको उपलब्धिहरुको तथ्याङ्कबाट जानकारी प्राप्त हुने कुरा अनुसन्धानबाट पुष्टि हुदै आएको छ ।

मल्ल, (२०६९) नेपालका तीन आर्थिक स्तम्भ मध्ये सहकारी पनि एक हो । सरकारले यस क्षेत्रको विकासका लागि क्रमिक रुपमा पहल चाल्दै आएको कारण पनि सहकारी क्षेत्रप्रति आम जनताको भरोसा र विश्वास बढ्दै गइरहेको छ । सहकारी अभियानले आज सम्म आइपुग्दा ऐतिहासिक फड्को मार्नुको कारण सहकारी प्रति नागरिकको विश्वास, भरोसा र यसले गरिबी निवारणमा पुऱ्याएको योगदान, अन्य क्षेत्रमा ल्याएको सशक्तिकरण र आर्थिक क्षेत्रमा पारेको प्रभावलाई नै मह□वपूर्ण रुपमा लिन सकिन्छ भन्ने कुरा उल्लेख गरिएको छ ।


सुवेदी, (२०७०) ले विरेन्द्र नगरपालिकामा रहेका सहकारी संस्थाको सदस्यको सामाजिक र आर्थिक अवस्थाको सिंहावलोकन शिर्षकमा प्रस्तुत गरिएको शोधपत्रमा सहकारीमा संलग्न सदस्यहरुको सामाजिक, आर्थिक अवस्थाको अध्ययन गर्ने साधारण उद्देश्य तथा विशिष्ट उद्देश्यमा सहकारी संस्थामा लैङ्गिक संलग्नताको अध्ययन गर्नु, सहकारी सदस्यको वर्तमान सामाजिक अवस्थाको अध्ययन गर्नु जस्ता उद्देश्यहरु राखिएको छ । वर्णनात्मक विधिको प्रयोग मार्फत तथ्याङ्क संकलनका निमित्त प्राथमिक स्रोत तथा द्धितिय तथ्याङ्कको स्रोत प्रयोग गरिएको छ । यस अध्ययनको निचोड सामाजिक विभेद संस्थागत प्रजातान्त्रिकरण परिपाटीले गर्दा समाजबाट हराउँदै गएको छ । सहकारी संस्था जुनसुकै पेसाका मानिसका लागि पनि उतिकै आवश्यकताको विषय हो तथा यो संस्था निम्न आय स्तरदेखि उच्च आयस्तरका स्थानिय मानिसहरु आर्थिक विकास गर्ने एक वृहत कार्यक्रम हो । यो समाजमा व्याप्त सामाजिक आर्थिक विभेदीकरण, अन्याय पिछडिएका गाउँ वस्ती मा विस्तार गर्नुपर्ने देखिन्छ । सहकारीताको माध्यमबाट आजको २१ औं शताब्दीमा रहेको गरिबी निवारणको समस्या समाधानमा नेपाली पृष्ठभूमिमा सहयोग पुऱ्याउन अचुक औजार सावित हुनेछ ।

सहकारीसँग सम्बन्धित यस शोधपत्र भन्दा पहिला गरिएका अध्ययन अनुसन्धानमा विशेष गरी सहकारी संस्थाको समाजमा भूमिका यसले स्थानिय जनताको जीवनस्तरमा पार्ने प्रभावहरुका सम्बन्धमा मात्र अध्ययन गरिएको पाइयो । यसभन्दा अगाडि भएका सहकारीसँग सम्बन्धित अध्ययनहरु सहकारी संस्थाले पार्ने आर्थिक प्रभावको विश्लेषणमा मात्र सीमित रहेको पाइयो । पूर्व अध्ययनहरुमा सहकारीमा संलग्न हुनुपूर्व सदस्यहरुको आर्थिक र बालबालिकाको शैक्षिक स्थिति कुन स्तरमा थियो र सहकारीमा आबद्ध भएपछि कुन स्तरमा भयो भन्ने बारेमा मात्र सिमित हुन पुगेको छ ।

मानिसको जीवनमा आर्थिक पक्षलाई जसरी छुट्याउन मिल्दैन त्यसैगरी नै उसको शैक्षिक पक्षलाई पनि छुट्याउन मिल्दैन । सहकारीसँग सम्बन्धित पूर्व अध्ययनको यही अपुरो अध्ययनलाई पूरा गर्नको लागि यो शोधपत्र प्रयोग भएको छ ।

## २.४ अध्ययनको अवधारणात्मक ढाँचा (Conceptual Framework of the study)

घ्याम्पेसाल बचत तथा अण सहकारी संस्थाको अध्ययनको अवधारणात्मक ढाँचा यसप्रकार रहने छ ।



## अध्याय तीन (CHAPTE THREE)

## ३. अध्ययनको विधि र तरिका (Methods and Procedures of the study)

यस खण्डमा अनुसन्धानको क्रममा प्रयोग गरिने अनुसन्धान ढाँचा, तथ्याङ्कको स्रोत जनसंख्या र नमुना छनोट, तथ्याङ्क संकलनको साधनहरु तथ्याङ्क संकलनका विधिहरु निम्न अनुसार विभिन्न शिर्षकहरुमा प्रस्तुत गरिएको छ ।

### ३.१ अध्ययनको ढाँचा (Design of the study)

यो अध्ययन वर्णनात्मक तथा विश्लेषणात्मक ढाँचामा आधारित छ । गोरखा जिल्लाको मसेल गा.वि.स.मा अवस्थित घ्याम्पेसाल बचत तथा ऋण सहकारी संस्थाले आवद्ध स्थानीय सदस्यको आर्थिक स्थिति तथा उनीहरुको बालबालिकाको शैक्षिक क्षेत्रमा पारेको प्रभावको अध्ययनका लागिआवश्यक पर्ने प्राथमिक तथ्याङ्कको संकलन, सहकारीका अध्यक्ष, सहकारीमा संलग्न सदस्यहरुलाई नमुना छनोट गरी अन्तवार्ता प्रश्नावली र अवलोकन माध्यमबाट सूचना संकलन गरिएको छ । द्धितीय तथ्याङ्कको संकलन पनि विभिन्न स्रोतबाट संकलन गरी तिनीहरुको विश्लेषण तथा वर्णन तालिकाद्वारा प्रस्तुत गरिने भएकोले यस अध्ययनको ढाँचा विश्लेषणात्मक तथा वर्णनात्मक रहेको छ । यसका लागि गुणात्मक र परिमाणात्मक खालको आँकडा दुवै प्रयोग भएको छ ।

### ३.२ तथ्याङ्कको स्रोतहरु (Sources of Data)

#### ३.२.१ प्राथमिक तथ्याङ्कको स्रोत (Sourcecs of Primary Data)

प्राथमिक तथ्याङ्कका स्रोतका रुपमा यस अध्ययन क्षेत्रका उत्तरदाता रहेका छन् । यो अध्ययन गोरखा जिल्ला मसेल गा.वि.समा अवस्थित घ्याम्पेसाल बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष र सहकारीमा संलग्न ऋणी सदस्यहरुसँग अध्ययनको शीर्षकसँग सम्बन्धित सुचनाहरु स्थलगत रुपमा संकलन गरिएको छ त्यसैले यस अध्ययनको प्राथमिक अध्ययनको सोतहरु सहकारी संस्थाका अध्यक्ष तथा सदस्यहरु हुन् ।

### ३.२.२ सहायक तथ्याङ्क संकलन (Secondary Data collection)

अध्ययनलाई वैध तथा विश्वसनीय बनाउनका लागि प्राथमिक स्रोत मात्र पूर्ण स्रोत नहुने भएकाले अध्ययनको क्रममा सहायक तथ्याङ्कलाई पनि समावेश गर्नुपर्ने हुन्छ । जस अन्तर्गत यस अध्ययनसँग मिल्ने अन्य सहकारी संस्थाहरुको कार्यक्रमहरु कृषि तथा सहकारी मन्त्रालय केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय सहकारी विकास बोर्ड, मसेल गा.वि.स को कार्यालय र घ्याम्पेसाल बचत तथा ऋण सहकारी संस्थाबाट प्रकाशित तथा अप्रकाशित तथ्याङ्कहरुको सहयोग लिइएको छ ।

## ३.३ जनसंख्या र नमुनाको आकार (Population,Sample Size and Sampling strategy)

यस अध्ययनका लागि गोरखा जिल्ला मसेल गा.वि.स मा सञ्चालिन घ्याम्पेसाल बचत तथा ऋण सहकारी संस्थालाई उद्देश्यमूलक नमुना छनोटको आधारमा छनोट गरिएको छ ।

### ३.३.१ जनसंख्या (Population)

घ्याम्पेसाल बचत तथा ऋण सहकरी संस्थामा संलग्न कुल सदस्य संख्या २५० जना र सहकारीका अध्यक्षलाई यस अध्ययनका लागि जनसंख्या मानिएको छ ।

### ३.३.२ नमुना छनोटको आकार (Sample size)

यस अध्ययनमा सहकरी संस्थामा आबद्ध २५० जना घरपरिवार मध्येबाट १०० घरपरिवार अर्थात् कुल जनसंख्याको ४० प्रतिशत यस अध्ययनमा नमुनाको आकारको रुपमा लिएको छ ।

### ३.३.३ नमुना छनोट (Sampling)

यस अध्ययनको लागि नमुना छनोट यस प्रकार गरिएको छ ।

१. यस अध्ययनमा गोरखा जिल्ला मसेल गा.वि.स लाई उद्देश्य मुलक छनोट विधिको आधारमा छनोट गरिएको छ । किनकी यस क्षेत्रमा सहकारी सम्बन्धी कुनै पनि

अध्ययन अनुसन्धान नभएकोले यस क्षेत्रलाई नमुनाको रुपमा अध्ययनका लागि छनोट गरिएको छ ।

२. नमुना छनोट गा.वि.समा रहेका २ वटा सहकारी मध्ये यस घ्याम्पेसाल बचत तथा ऋण सहकारी संस्थालाई उद्देश्यमूलक नमुना छनोट विधिको आधारमा छनौट गरिएको छ ।

३. यस अध्ययनमा गोरखा जिल्ला मसेल गा.वि.स मा सञ्चालित घ्याम्पेसाल बचत तथा ऋण सहकारी संस्थाका अध्यक्षलाई उद्देश्यमूलक नमुना छनोट विधिको आधारमा छनोट गरिएको छ ।

४. यस अध्ययनमा नमुना छनोटमा परेको सहकारीमा संलग्न कुल २५० सदस्यमध्ये वडा नं. ७ बाहेक सबै वडामा ११ को दरले र वडा ७ मा १२ जना गरी १०० जना सदस्यहरुलाई उद्देश्य मूलक नमुना छनोट विधिबाट छनोट गरिएको छ । यसमा न्यूनतम नमुना ३४.३ देखि अधिकतम ५२.४ प्रतिशत सम्म रहेको छ । यसको जसलाई तलको तालिकामा देखाइएको छ । औषतमा सहकारी संस्थामा संलग्न सदस्यहरुको ४० प्रतिशत छनौट गरिएको छ ।

**तालिका ३.१**

**सहकारीमा संलग्न सदस्यहरुको नमुना छनोट**

| वडा नं. | घरधुरी संख्या | सहकारीमा संलग्न सदस्य संख्या | नमुना छनोटमा परेका सदस्य संख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | ९१ | २१ | ११ | ५२.४ |
| २ | ८६ | २४ | ११ | ४५.८ |
| ३ | ९७ | २८ | ११ | ३९.३ |
| ४ | १०० | २६ | ११ | ४२.३ |
| ५ | १०५ | २९ | ११ | ३६.९ |
| ६ | ९९ | २७ | ११ | ४०.७ |
| ७ | ११० | ३५ | १२ | ३४.३ |
| ८ | ९३ | २९ | ११ | ३६.९ |
| ९ | १०१ | ३१ | ११ | ३५.५ |
| **जम्मा** | ८८२ | २५० | १०० | ४०.० |

*स्रोत : स्थलगत सर्वेक्षण २०७३*

### ३.४ अध्ययन क्षेत्र (Study Area and Field)

पश्चिम नेपालको पश्चिमाञ्चलन विकास क्षेत्र गण्डकी अञ्चलनमा पर्ने गोरखा जिल्ला मसेल गा.वि.स मा अवस्थित घ्याम्पेसाल बचत तथा ऋण सहकारी संस्थालाई अध्ययनको क्षेत्र लिइएको छ ।

### ३.५ तथ्याङ्क संकलनका साधनहरु (Data Collection tools and Techniques)

यस अध्ययनका लागि आवश्यक द्बितीय तथ्याङ्कहरु अध्ययनसँग सम्बन्धित विभिन्न पत्रपत्रिकामा प्रकाशित लेख रचनाहरु बुलेटिन प्रकाशित तथा अप्रकाशित पुस्तकहरु शोध ग्रन्थहरु सरकारी तथा गैर सरकारी संस्थाहरुबारे प्रकाशित तथा अप्रकाशित पुस्तकहरुबाट संकलन गरिएको छ भने प्राथमिक तथ्याङ्क संकलन गर्नको लागि निम्न साधनहरुको प्रयोग गरिएको छ ।

#### ३.५.१ प्रश्नावली (Questinnaire)

अध्ययनका लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्क संकलन गर्नका लागि साधनको रुपमा प्रश्नावलीलाई प्रयोग गरिएको छ । सहकारीका अध्यक्षलाई सहकरी संस्थाले प्रवाह गरेको ऋणको बारेमा सहकारीको वर्तमान अवस्थाको बारेमा सहकारीको समस्याहरु आदिको बारेमा प्रश्न सोधिएको थियो । जसको नमुना अनुसूची २ मा देखाइएको छ । त्यसैगरी सहकारी संस्थामा संलग्न भएका सदस्यहरुको आर्थिक र उनीहरुको पारिवारिक शैक्षिक अवस्थाको बारेमा तिनै सदस्यहरुसँग प्रश्नहरु सोधिएको थियो । जसको नमुना अनुसूची १ मा देखाइएको छ ।

### ३.६ तथ्याङ्क संकलन प्रक्रिया (Techniques of Data Collection)

अध्ययनका लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्क संकलन गर्न अनुसन्धानकर्ता स्वयम् अध्ययन क्षेत्रमा गई छनोटमा परेका सहकरी संस्थाको अध्यक्ष तथा सहकारी संस्थामा संलग्न सदस्यहरु सँग प्रत्यक्ष रुपमा भेट गरिएको थियो । उहाँहरुलाई आफ्नो अध्ययनको बारेमा प्रष्ट पार्दै आवश्यक तथ्याङ्क संकलन गर्नको लागि सहयोग गरिदिन आग्रह गरिएको थियो । निर्माण गरिएका साधनहरुको प्रयोग गरि आवश्यक तथ्याङ्क संकलन गर्न निम्न प्रविधि प्रयोग गरिएको थियो ।

### ३.६.१ अन्तर्वार्ता (Interview)

यस अध्ययनका लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्क संकलन गर्नका लागि अन्तर्वार्तालाई विधिको रुपमा प्रयोग गरिएको थियो । उत्तरदातासँग प्रतयक्ष भेटघाट गरी अनुसन्धानकर्ता र उत्तरदाता आमने सामने रुपमा बसी प्रश्नावलीमा तयार गरिएको प्रश्नहरुको सहयोगमा प्रत्यक्ष व्यक्तिगत अन्तर्वार्ता (Direct Personal Interview) लिइएको थियो ।

## ३.७ तथ्याङ्क विश्लेषण र व्याख्या (Data Analysis and Interpretation)

यस अध्ययनमा विभिन्न सुचना संकलनका साधनहरु प्रयोग गरी प्राप्त गरिएका परिमाणात्मक तथा गुणात्मक तथ्याङ्क वा सुचनाहरुको विश्लेषण र व्याख्या तालिका तथा रेखाचित्रको सहयोगमा गरिएको छ भने कतिपय सूचना वा तथ्याङ्कलाई शाब्दिक रुपमा विश्लेषण गरी प्रस्तुत गरिएको छ ।

# अध्याय चार (CHAPTER FOUR)

## ४. तथ्याङ्कको प्रस्तुतीकरण तथा विश्लेषण (Analysis and interpretation of Results)

### ४.१ तथ्याङ्कको विश्लेषण र परिणामको प्रस्तुतीकरण (Analysis of Data and Interpretation of Results)

यस अध्यायनमा अनुसन्धानबाट प्राप्त पूरा तथ्याङ्कलाई अर्थपूर्ण बनाईको छ । प्रारम्भमा संकलन गरिएको केहि तथ्याङ्क बाट कुनै ठोस सूचन प्राप्त नहुने हुँदा तथ्याङ्कलाई व्यवस्थित तरिकाले शीर्षक अनुसार तालिकाको प्रयोग गरी तथ्याङ्कलाई विश्लेषण गरी प्रष्ट पारिएको छ ।

#### ४.१.१ गोरखा जिल्लाको परिचय (Introduction of Gorkha District)

गोरखा बासीहरुका आराध्या देवता योगी गोरखनाथको नामबाट वा गाईको रक्षा गोरक्षा गरिने गाउँ भएकोले सोही आधारमा यो ठाउँको नाम 'गोरखा' रहेको मानिन्छ । नेपाली भाषामा घाँसको फाँटलाई खर्क मानिने गरेकोमा खर्क शब्द विकृत भएर गर्ख, गर्खा हुँदाहुँदै गोरखा भएको मानिन्छ । यो जिल्ला अन्तर्गत ठूलाठूला फाँटहरु/खर्कहरु छन् । लिच्छविकालमा पनि गोरखाको बारेमा चर्चा गरिएको छ । जयदेव द्वितियको सिलालेखमा वर्णन भए अनुसार त्यस समयमा गोरखालाई केन्द्रबाट नै शासन गरिन्थ्यो । यहाँको एक ठाउँमा सिद्ध पुरुष गोरखनाथ बाबाको मठ भएकोले सोही ठाउँको आधारमा जिल्लाको नामाकरण गरिएको मानिन्छ । यस जिल्लाको उत्तरी भागमा अवस्थित गुरुङ्ग र घलेहरुको बस्तीले पर्थटकहरुलाई आकर्षण गरिरहेको छ ।

नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने गण्डकी अञ्चलको ६ वटा जिल्लाहरु मध्ये गोरखा जिल्ला एक धार्मिक एंव ऐतिहासिक स्थल हो । भौगोलिक हिसाबले मध्यपहाडी क्षेत्रदेखि उत्तरी भेगका अति विकट क्षेत्रहरु साथै दक्षिणमा त्रिशुली नदिको किनारदेखि उत्तरमा चीनको सिमानासम्म फैलिएको छ । पूर्वमा धादिङ्ग परिश्चममा तनहु, लम्जुङ्ग, मनाङ्ग र तिब्बत उत्तरमा तिब्बत, दक्षिणमा चितवन जिल्लाको सिमाना जोडिएको छ । यस जिल्लामा ६६ वटा गा.वि.सहरु रहेका छन् ।

गोरखा जिल्ला २७|५८®पूर्वि देशान्तरमा अवस्थित छ । समुन्द्रि सतबाट २२८ मि. देखि ८१६३ मिटर अग्लो मनासलु हिमशिखरसम्ममा रहेको छ । यस जिल्लाको क्षेत्रफल ३६१० वर्ग कि.मि रहेको छ ।

### ४.१.२ सहकारीको परिचय (Introduction of Co Operative)

यस घ्याम्पेसाल बचत तथा ऋणसहकरीसंस्थाको स्थापना वि.स.. २०६५/०६/१० गते ५५ जना शेयर सदस्यहरु भेला भई छलफल गरी २०६५/१०/२५ गते उदय भट्ट अध्यक्षतामा सञ्चालन गरी कारोबार शुरु भएको थियो । ३५ जना शेयर सदस्यहरुबाट शुरु गरिएको यस संस्थामा हाल ३०० भन्दा बढी घरपरिवार सदस्यहरु यस संस्थामा प्रत्यक्ष रुपमा संलग्न रहेका छन् । (घ्याम्पेशाल बचत तथा ऋण सहकारी संस्था को प्रतिवेदन, २०७२-७३)

यस संस्था मुख्य उद्देश्य कृषकहरुको हक हितको संरक्षण गर्दै कृषकहरुको आर्थिक दक्षता सबल बनाउन सक्रिय भूमिका निर्वाह गर्नु हो । यस संस्थाले स्थानीय सदस्यहरुलाई समूहमा आबद्ध गराई सामूहिक धितो जमानत बचतको आधारमा शेयरको आधारमा अन्य धितो नराखीकन सरल र सस्तो व्याजदरमा ऋण सुविधा उपलब्ध गरिएको छ । जुन यस संस्थाको ठूलो उपलब्धि हो । आफ्नो संस्था सञ्चालनको लागि विभिन्न उद्देश्यहरु रहेको छ ।

#### ४.१.२.१ उद्देश्य (Ojbectives)

सदस्यहरुको आर्थिक सांस्कृतिक र वैयक्तिक क्षमता विकास तथा सदस्य समुदायको सामाजिक विकास समेतलाई ध्यानमा राखि स्थापना भएको सहकारी संस्थाको उद्देश्यहरु सर्वेक्षण गर्दाको समयमा यस प्रकार रहेको पाइयो (विनिमय, २०६६)

- सदस्यहरुमा स्वावलम्बन तथा एवयबद्धताको भावना विकास गरी सदाचार, नैतिकता तथा पारस्परिक सहयोग तर्फ उन्मुख गराउने,
- सदस्यहरु भित्र सीमित रही बचत परिचालन गर्ने,
- बचत परिचालन गर्दा सदस्यहरुको व्यक्तिगत क्षमता विकास तथा उनीहरुको उत्पादन व्यवसाय पेशाको अभिवृद्धिका लागि गर्ने,

- सदस्यहरुको प्राथमिक आवश्यकता र आय आर्जन पक्षलाई समायोजन गर्ने दृष्टिकोणले लगानी व्यवस्थापन गर्ने,
- सदस्यहरुले समुदायभित्र सामाजिक, सांस्कृतिक, शैक्षिक, स्वास्थ्य पर्यावरण सम्बन्धी क्रियाकलाप गर्ने,
- फलफूल नगदे बाली र पशुपालन लगानी गर्ने ।

### ४.१.२.२ **कार्यहरु(Functions)**

१ सहकरीको मूल्य मान्यता र सिद्धान्तको आधारमा आचार संहिता बनाई लागू गर्ने ।

२. बचत र लगानीलाई सरल र सूलभ बनाई सदस्यहरुको घरदैलोमा पुऱ्याउने ।

३. शेयर सदस्यहरुमा बचत र लगानी गर्ने ।

४. छरिएर रहेको स्रोत र साधनहरुको एकीकृत र संगठित गर्ने,


५. सदस्यहरुमा थप शेयर विक्रि गरी पूँजी बढाउने ,

६. सदस्यहरु र संस्था बिचको अन्तरसम्बन्ध अभिवृद्धि गर्ने,

७. सदस्यहरुमा सूचना प्रविधिको सेवा उपलब्ध गराई आय आर्जनको क्षमता अभिवृद्धि गराउने ।

**४.१.२.३ संस्थागत संगठनात्मक अवस्था (Current Condition of Organizational Condition of Institution)**

घ्याम्पेसाल बचत तथा ऋण सहकारी संस्थाको संगठनात्मक चार्ट निम्नानुसार छ :




*स्रोत : स्थलगत सर्वेक्षण, २०७३*

यस घ्याम्पेसाल बचत तथा ऋण सहकारी संस्थाको माथिल्लो निर्णायकका रुपमा साधारण सभा रहने व्यवस्था रहेको पाइयो । विनिमय संशोधन अन्य समितिको अन्तिम निर्णय गर्नको लागि वर्षमा १ पटक साधारण सभा बस्ने व्यवस्था पाइयो । यसका साथै सल्लाहकार समिति लेखा समिति रहने व्यवस्था रहेको पाइयो । विभिन्न कार्य गर्नका लागि कामको प्रवृतिको आधारमा कार्य समिति, उप समिति, ऋण समिति, आन्तरिक व्यवस्थापन, कर्मचारी, शिक्षा समिति, महिला विकास समिति र शेयर सदस्यहरुको रहेको पाइयो ।

## ४.२ घ्याम्पेसाल बचत तथा ऋण सहकारीको वर्तमान अवस्था (Ghyampesal Saving and Credit Co-Operative)

घ्याम्पेसाल बचत तथा ऋण सहकारीको वर्तमानअवस्था अध्ययन यस अध्ययनको प्रमुख उद्देश्य रहेकोले यस सहकारी संस्था, पूँजीगत दायित्व नगदसम्पत्ति, लगानी, ऋण दिने व्यवस्था व्याजदर, ऋण लगानी, भुक्तानी, बचत, आम्दानी र खर्चको अवस्थालाई तल छुट्टाछुट्टै उल्लेख गरी विश्लेषण गरिएको छ ।

### ४.२.१ संस्थाको पूँजीगत दायित्व (Capital Liabilities of Co-Operative)

यस सहकारी संस्थाको आ.व २०६९/०७० मा कुल दायित्व तथा पूँजी १२९४६०७८.८२ रहेको पाइयो भने आ.व २०७१/०७२ मा कुल दायित्व र भुक्तानी दिनुपर्ने अन्य दायित्व शिर्षकमा निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१**

**संस्थाको दायित्व तथा पूँजीगत विवरण**

| क्र.सं. | दायित्व तथा पूँजी | आ.व २०७०/०७१ | आ.व २०७१/०७२ | औषत वार्षिक रकम (रु.मा) |
|---|---|---|---|---|
| १ | शेयर पूँजी | १३९००००.०० | १८९५००.०० | १६९१००० |
| २ | जगेडा कोष | ८३५७७५.०१ | ६१४२८०.८१ | ७९६६५५.९० |
| ३ | अन्य कोषहरु | – | १२७५७७१.७१ | ६७०३२०.३१ |
| ४ | निक्षेप दायित्व | १११९५१४०.३० | १६५६१०९०.७१ | १३१७१५१२.३७ |
| ५ | भुक्तानी दिनुपर्ने अन्य दायित्व | १९११८.५९ | ५१६३५.१८ | ३४३९६.६९ |
| ६ | जम्मा | १३३६००३३.९ | २०३९७७७८.४१ | १६३६३८८५.२७ |

*स्रोत : स्थलगत सर्वेक्षण २०७३*

माथिको तालिका अनुसार शेयर पूँजी आ.व २०७०/०७१ मा रु १३९००००.०० रहेको थियो भने आ.व २०७१/०७२ मा बढेर रु १८९५०००.०० पुगेको छ । त्यसैगरी जगेडा कोषमा आ.व २०७०/०७१ मा ८३५७७५.०१ थियो भने आ.व २०७१/०७२ मा ६१४२८०.८१ रहेको पाइयो भने अन्य कोषहरुमा आ.व २०७१/०७१ मा १२७५७७१.७१

रहेको पाइयो । भुक्तानी दिनुपर्ने अन्य दायित्वमा आ.व २०७०/०७१ मा १९११८.५९ थियो भने आ.व २०७१/०७२ मा ५१६३५.१८ रहेको पाइयो यसरी हेर्दा यस संस्थाको जम्मा दायित्वमा आ.व २०६९/०७० मा १३३६००३३.९ थियो भने आ.व २०६९/०७१ मा बढेर २०३९७७७८.४१ पुगेको देखिन्छ ।

यस सहकारी संस्थाको औषत पूँजीगत दायित्वमा शेयर पूँजीमा रु १६९१०००, जगेडा कोषमा ७९६६५५.९०,अन्य कोषमा ६७०३२०.३१, निक्षेप दायित्वमा १३१७१५१२.३७ र भुक्तानी दिनुपर्ने अन्य दायित्वमा ३४३९६.६९ रहेको पाइयो ।

### ४.२.२ घ्याम्पेसाल बचत तथा ऋण सहकारीको नगद सम्पत्ति (Assests of Ghyampesal Saving and Credit Co-Operative)

यस सहकारी संस्थाको आर्थिक वर्ष २०७०/०७१ मा जम्मा सम्पत्ति रु १३३६००३३.९ र आर्थिक वर्ष २०७०/०७१ मा जम्मा रु २०,३९७७७८.४१ जम्मा सम्पत्ती रहेको पाइयो । यस सहकारीको नगद सम्पत्तिको रुपमा नगद मौज्यात बैक मौज्दात शेयर लगानी कर्जा सापट तथा ऋण लगानी, स्थिर सम्पत्ति र अन्य सम्पत्ति उठ्न बाँकी गरी विभिन्न शिर्षंकरहेको पाइयो । जुन निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२**

**संस्थाको सम्पत्ति तथा जायजेथा विवरण**

| क्र.सं. | दायित्व तथा पूँजी | आ.व २०७०/०७१ | आ.व २०७१/०७२ | औषत वार्षिक रकम ( रु.मा) |
|---|---|---|---|---|
| १ | नगद मौज्दात | ९२०३९८.९१ | ९१२२१.५१ | ५,६१५९.२१ |
| २ | बैंक मौज्दात | ३११०६९३.०३ | ३७८८१०५.३२ | ३४५०२३४.२० |
| ३ | शेयर लगानी | ३००००.०० | ३००००.०० | ३००००० |
| ४ | कर्जा सापट तथा ऋण | ९०६००५३.०० | १५६८२०३८.०० | ११९१६०४३.५० |
| ५ | स्थिर सम्पत्ति | १३०७०१.०३ | ९५६०१.५० | ११३२०३.९१ |
| ६ | अन्य सम्पत्ति उदन बाँकी | ३१०९१.५९ | – | १३५४७.८१ |
|  | जम्मा | १३५५२९३७.५६ | १९९५६९६६.३३ | १५८४९१८८.६३ |

*स्रोत : स्थलगत सर्वेक्षण २०७३*

यस सहकारी संस्थाको आ.व २०७०/०७१ मा नगद मौज्दात रु ९२०३९८.९१ रहेको थियो भने आ.व २०७१/०७२ मा भने कम छ रु ९१२२१.५१ मा रहेको थियो तर बैंक मौज्दात भने आ.व २०७०/०७१ मा ३११०६९३.०३ र आ.व २०७१/०७२ मा बढेर ३७८८१०५.३२ रहेको पाइयो । कर्जा सापट तथा ऋण आ.व २०७०/०७१ मा ९०६००५३.०० रहेको थियो भने आर्थिक वर्ष २०७१/०७२ मा १५६८२०३८.०० पुगेको थियो । यसैगरी स्थिर सम्पत्ति भने आ.व २०७१/०७२ मा ९५६०१.५० रहेको छ । यसैगरी कुल भौतिक नगद सम्पत्तीलाई हेर्दा आ.व २०७०/०७१ मा १३५५२९३७.५६ रहेको पाइयो भने आ.व २०७१/०७२ मा १९९५६९६६.३३ रहेको पाइयो भने औषत वार्षिक रकम १५८४९१८८.६३ रहेको पाइएको छ ।

### ४.२.३ लगानीको क्षेत्रफल विवरण (Detail of Investment Area)

यस बचत तथा ऋण सहकारी संस्थाले आफ्नो शेयर सदस्यहरुलाई शिक्षा, व्यापार भवन निर्माण वैदेशिक रोजगार, लुघु उद्यम रकृषिका लागि ऋण प्रदान गरेको पाइयो । यस सहकारी संस्थाले आ.व २०७०/०७१ र आ.व २०७१/०७२ मा गरेको लगानी विवरण निम्न तालिकामा देखाइएको छ ।

**तालिका ४.३**

**लगानीको क्षेत्रफल विवरण**

| क.सं. | विवरण | आ.व २०७०/०७१ | | आ.व २०७१/०७२ | | औषत वार्षिक रकम (रु.मा) | |
|---|---|---|---|---|---|---|---|
| | | रकम (रु.मा) | प्रतिशत | रकम (रु.मा) | प्रतिशत | रकम (रु.मा) | प्रतिशत |
| १ | शिक्षा | ८७६६५७.६० | ९.५६ | १९५६५७०.०० | ११.७१ | १४१६६१३.८० | १०.६४ |
| २ | व्यापार | २६५९३१७.०० | २९.०० | ४४९१०१५.०० | २६.८९ | ३५७५१६६.०० | २७.९५ |
| ३ | भवन निर्माण | २०१७४१२.९० | २२.०० | ३६००३१५.०० | २१.५६ | २८०८८६९.९५ | २१.७८ |
| ४ | वैदेशिक रोजगार | ६९६९२४.४० | ७.६० | १११५३६७.०० | ६.६८ | ९०६१४५.७० | ७.१४ |
| ५ | लघु उद्यम | २३२३६९३.३० | २५.३४ | ४६११७४३.०० | २७.६१ | ३४६७७१८.१५ | २६.४८ |
| ६ | कृषि | ५९६०९३.८० | ६.५० | ४९२७०३०.०० | ५.५५ | ७६१५४१.९० | ६.०३ |
| | जम्मा | ९१७००५९.०० | १०० | १६७०२०४०.०० | १०० | १२९३६०४९.५ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण २०७३*

माथिको तालिका ४.३ अनुसार सहकारी संस्थाले आफ्नो सदस्यहरुलाई दिँदै आएको ऋण लगानीलाई आ.व २०७०/०७१ र आ.व २०७१/०७२ को क्षेत्रगत रुपमा देखाइएको छ । तालिका अनुसार आ.व २०७०/०७१ मा जम्मा ऋण लगानी रु ९१७००५९.०० गरेकोमा शिक्षामा रु ८७६६५७.६०, व्यापारमा रु २६५९३१७.००, भवन निर्माणमा रु २०१७४१२.९०, बैदेदिक रोजगारमा रु ६९६९२४.४०, लघु उद्यममा रु २३२३६९३.३० र कृषिमा रु ५९६०९३.८० लगानी गरेको पाइयो । त्यसैगरी आ.व २०७१/०७२ मा गरेको जम्मा लगानी रु १६७०२०४०.०० रहेकोमा शिक्षामा रु १९५६५७०.००, व्यापारमा रु ४४९१०१५.००, भवन निर्माणमा रु ३६००३१५.००, वैदेशिक रोजगारमा रु १११५३६७.००, लघु उद्यममा रु ४६११७४३.०० र कृषि क्षेत्रमारु ९२७०३०.०० लगानी गरेको पाइयो भने आ.व २०७१/०७२ मा सबैभन्दा बढि व्यापार मा नै २६.८९ र सबैभन्दा कम कृषिमा ५.५५ प्रतिशत लगानी गरेको पाइयो । आ.व २०७०/०७१ र आ.व २०७१/०७२ दुई वर्षको क्षेत्रफल लगानीलाई हेर्दा औषत जम्मा लगानी रु १२९३६०४९.५ रहेको पाइयो ।

### ४.२.४ ऋण दिने व्यवस्था (Provision of Loan Provide)

यस सहकारी संस्थाको सदस्य बनसिकेपछि विभिन्न किसिमका व्यवसायिक तालिमहरुसाथै चेतनामूलक स्वरोजगारमूलक तालिमहरु प्रदान गर्ने गरेको पाइयो । यस संस्थाले आफ्नो सदस्यहरुलाई ऋण दिँदा घरजग्गा धितो, बचत, शेयर, सामूहिक धितो वा जमानत, व्यक्तिगत धितो वा जमानतको आधारमा दिने गरेको पाइयो । यस संस्थाले विशेष गरेर शिक्षा, कृषि, व्यापार लघु उद्यम, व्यवसाय, वैदेशिक रोजगार र भवन निर्माण जस्ता विभिन्न उद्देश्यको आधारमा ऋण दिने गरेको पाइयो ।

### ४.२.५ व्याजदर सम्बन्धी व्यवस्था (Provision of Interest)

यस संस्थाद्वारा वितरण गरिने ऋण लगानीमा अधिकतम १ वर्षमा भुक्तान गरिसक्नु पर्ने व्यवस्था रहेको पाइयो । यस संस्थाद्वारा ऋण (लगानी) मा निम्नानुसारको व्याजदर निर्धारण भएको पाइयो । अन्तिम भाकामा एकमात्र सावाव्याज भुक्तान गर्न नसकेमा पहिलो महिनामा निजले बुझाउनुपर्ने ऋण रकममा १ प्रतिशत थप गरी अशुल गर्ने र छैटो महिनापछि ३५ प्रतिशतले जरिवाना स्वरुप असूल उपर गरिने व्यवस्था रहेको पाइयो ।

**तालिका ४.४**

**ऋण लगानी मा व्याजदरको व्यवस्था**

| **क.सं.** | **प्रयोजन** | **व्याजदर (%)** | **भुक्तानी अवधि** |
|---|---|---|---|
| १ | कृषि/उद्योग/व्यापार | १४.० | १ वर्ष |
| २ | आवास/जग्गा/घर निर्माण | १४.० | १ वर्ष |
| ३ | हायर पर्चेज (सवारी साधन) | १५.० | १ वर्ष |
| ४ | शैक्षिक | १३.५ | १ वर्ष |
| ५ | सामाजिक | १३.५ | १ वर्ष |
| ६ | अल्पकालिन | १४.० | १ वर्ष |
| ७ | आवधिक निक्षेप धितोमा | १४.० | १ वर्ष |
| ८ | अन्य प्रयोजन | १५.० | १ वर्ष |

*स्रोत : स्थलगत सर्वेक्षण २०७३*

माथिको तालिका अनुसार यस संस्थाले वितरण गर्ने ऋण लगानीमा कृषि/व्यापार/उद्योग क्षेत्रमा १४%, आवास जग्गा/घर निर्माण क्षेत्रमा १४% हायर पर्चेज तर्फ १५%, शैक्षिक र सामाजिक क्षेत्रमा १३.५%, अल्पकालिन र आवधिक निक्षेप धितो तर्फ १४% र अन्य प्रयोजनको लागि १५% व्याज यस संस्थाले लिने गरेको पाइयो ।

यस संस्थाले सदस्यहरुलाई बचतमा दिने व्याजदरलाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका ४.५**

**ऋण (लगानी) मा व्याजदरको व्यवस्था (२०७२)**

| क्र.सं. | प्रयोजन | भुक्तानी अवधि | व्याजदर (%) |
|---|---|---|---|
| १ | नियमित बचत | १ वर्ष | ८.५ |
| २ | ऐच्छिक बचत | १ वर्ष | ९.० |
| ३ | आवधिक बचत | १ वर्ष र २ वर्ष | ११.० |
| ४ | आवधिक बचत | ३ वर्ष र ४ वर्ष | ११.५ |
| ५ | आवधिक बचत | ५ वर्ष | १२.५ |

*स्रोत : स्थलगत सर्वेक्षण २०७३*

माथिको तालिका अनुसार यस सहकारी संस्थाले सदस्यहरुलाई नियमति १ वर्ष बचतमा ८.५ प्रतिशत, ऐच्छिक बचत १ वर्षमा ९ प्रतिशत, आवधिक बचत १ वर्ष देखि २ वर्षमा ११ प्रतिशत, आवधिक बचत ३ वर्ष देखि ४ वर्षमा ११.५ प्रतिशत र आवधिक ५ वर्षमा १२.५ प्रतिशत व्याज दिने गरेको पाइयो । यसरी हेर्दा बचत खाता संचालन गरेबापत पनि उल्लेख्यमा राम्रो व्याज दिने गरेको पाइयो ।

### ४.२.६ ऋण भुक्तानीको व्यवस्था (Provision of Loan Payment)

यस सहकारीद्वारा प्रदान गरिने ऋण कम्तिमा एक महिना देखि बढीमा १ वर्षमा सम्मको रहेको पाइयो । ऋणिले ऋण मासिक, त्रैमासिक वा अर्धवार्षिक रुपमा किस्ताबन्दीको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था भएको तर अल्पकालिन ऋण रकम मासिक किस्ताबन्दीको रुपमा भुक्तान गर्नुपर्ने व्यवस्था रहेको पाइयो । ऋण लिने सदस्यहरुले आफूले राखेको भाकामा एकै पटक सावा व्याज तिर्न चाहे एकै पटक तिर्न सक्ने व्यवस्था रहेको र यदि मासिक रुपमा व्याज भुक्तान गरी अन्तिम भाकामा एकमुष्ट सावा व्याज भुक्तान गर्ने व्यवस्था रहेछ । यदि कुनै सदस्यद्वारा व्याज र सावा समयमा भुक्तान गर्न नसकेमा पहिलो महिनामा निजले बुझाउनुपर्ने ऋण रकममा १ प्रतिशतले थप गरी अशुल गर्ने र छैटौं महिना पछि ३५ प्रतिशतले र १ वर्षभन्दा बढि भाखा नाघेकाको १०० प्रतिशत जरिवाना स्वरुप असूल उपर गरिने व्यवस्था रहेको भेटियो ।

### ४.२.७ बचत विवरण (Saving Details)

यस संस्थामा संलग्न भएका सदस्यहरुले आ-आफ्नो क्षमता बमोजिमको रकम यस संस्थाको नियम अनुसार बचत गर्दछन् । यस सहकारी संस्थामा बचतकर्तालाई बचत गरेबापत व्याज प्रदान गरिने व्यवस्था छ । यस सहकारीमा संलग्न सदस्यहरुले जम्मा रु १६९५२०५२.८१ बचत गराका छन् । यस संस्थामा रहेको नियमित, ऐच्छिक र आवधिक बचतलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.६**

**बचत तथा निक्षेप विवरण आ.व २०७१/०७२**

| क्र.सं. | निक्षेपका प्रकार | रकम रु.मा | प्रतिशत |
|---|---|---|---|
| १ | नियमित बचत | ३०१३२४४.५४ | १७.७ |
| २ | ऐच्छिक बचत | ९५२२७३.६५ | ५६.२ |
| ३ | आवधिक बचत | ४४११५३८.६३ | २६.० |
| | जम्मा | १६९५२०५२.८१ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण २०७३*

माथिको तालिका ४.६ मा बचतकर्ताले गरेको बचतको विवरण देखाइएको छ । आर्थिक वर्ष २०७१/०७२ मा नियमित बचत रु ३०१३२४४.५४, ऐच्छिक बचत ९५२२७३०.६५ र आवधिक बचत रु ४४११५३८.६३ रहेको पाइयो । हाल यस संस्थामा जम्मा रकम रु १६९५२०५२.८१ रहेको पाइयो । सबैभन्दा बढि रकम ऐच्छिक बचत खातामा ५६.२ प्रतिशत र सबैभन्दा कम १७.७ प्रतिशत नियमित बचत खातामा रहेको पाइयो । बचत लाई सुदृढ गरी सहकारीलाई दिर्घकालिन रुपमा सञ्चालन गर्न विभिन्न बचत योजना सञ्चालन गर्न सकिन्छ । जस्तो बालबचत, जेष्ठ नागरिक बचत, गृहीणी बचत आदि  जसले गर्दा सहकारीको आर्थिक सुदृढीकरण भई धेरै क्षेत्रमा लगानी गर्न सकिन्छ ।

### ४.२.८ सहकारी वार्षिक आम्दानी (Annual Income of Co-operative)

यस सहकारी संस्थाले आफ्नो कार्य सञ्चालन गर्ने क्रममा विभिनन क्षेत्रबाट आम्दानी गरेको देखिन्छ । यस संस्थाले आ.व २०७०/०७१ र आ.व २०७१/७२ मा व्याज आय, व्यवस्थापन शुल्क रेमिट आय, प्रवेश शुल्क, बैंक व्याज र विविध क्षेत्रकाट आम्दानी गरेको पाइएको छ । जसलाई तलको तालिकाबाट स्पष्ट पार्न सकिन्छ ।

**तालिका ४.७**

**घ्याम्पेसाल बचत तथा ऋण सहकारी संस्थाको आम्दानी विवरण**

| क्र.सं. | विवरण | आ.व. २०७०/०७१ | | आ.व २०७१/०७२ | |
|---|---|---|---|---|---|
| | | रकम रु मा | प्रतिशत | रकम रु मा | प्रतिशत |
| १ | व्याज आय | १३८८९७५.०० | ८५.६ | २१०८९१०.०० | ७७.३० |
| २ | व्यवस्थापन शुल्क | १४९२२५.०० | ९.२० | २२०२९६.०० | ८.०९ |
| ३ | रेमिट आय | ४८८००.०० | ३.०१ | ६८५००.०० | २.५१ |
| ४ | प्रवेश शुल्क | १८२००.०० | १.१२ | १६५००.०० | ०.६० |
| ५ | बैंक व्याज | - | - | २२२७९०.०० | ८.८१ |
| ६ | विविध आम्दानी | १५६१५.०० | ०.९६ | ८४६९८.०० | ३.११ |
| | जम्मा | १६२०८१५ | १०० | २७२१६९४ | १०० |
| औषत वार्षिक आम्दानी | | १६२०८.१५ | | २७२१६.९४ | |

*स्रोत : स्थलगत सर्वेक्षण २०७३*

माथिको तालिका अनुसार यस सहकारीको आम्दानी विभिन्न क्षेत्रबाट प्राप्त गरेको पाइयो । आ.व २०७०/०७१ मा जम्मा आम्दानी रु १६२०८१५ रहेकोमा व्याजबाट रु १३८८९७५.०० वा ८५.६९ प्रतिशत, व्यवस्थापन शुल्कबाट रु १४९२२५.०० वा जम्मा आम्दानीको ९.२० प्रतिशत, रेमिट आयबाट रु ४८८००.०० वा जम्मा आम्दानीको ३.०१ प्रतिशत, प्रवेश शुल्कबाट रु १८२००.०० वा जम्मा आम्दानीको ञ्.१२ प्रतिशत र विविध आम्दानी (जरिवाना) बाट रु १५६१५.०० वा जम्मा आम्दानीको ०.९६ प्रतिशत रहेको पाइयो । त्यसैगरी आ.व २०७१/०७२ मा जम्मा आम्दानी रु २७२१६९४ रहेकोमा व्याजमा रु २१०८९१०.०० वा जम्मा आम्दानीको ७७.३० प्रतिशत व्यवस्थापन शुल्कबाट रु २२०२९६.०० वा जम्मा आम्दानीको ८.०९ प्रतिशत रेमिट आयबाट रु ६८५००.०० वा

जम्मा आम्दानीको ६.५१ प्रतिशत प्रवेश शुल्कबाट रु १६५००.०० वा जम्मा आम्दानीको ०.६० प्रतिशत, बैंक व्याजबाट रु २२२७९०.०० वा जम्मा आम्दानीको ८.१८ प्रतिशत र विविध आम्दानी बाट रु ८४६९८.०० वा जम्मा आम्दानीको ३.११ प्रतिशत बाट यस सहकारी संस्थाले आम्दानी गरी रहेको पाइयो । यस सहकारी संस्थाले सबैभन्दा बढी व्याज आयबाट आम्दानी गर्ने गरेको छ किनकी व्याजमा ऋणिलाई पैसा दिउन सहकारीको प्रमुख उद्देश्य रहेको छ ।

आ.व २०७०/०७१ र आ.व २०७१/०७२ दुवै वर्षमा सबैभन्दा बढि व्याजबाट प्राप्त भएको छ । समग्रमा हेर्दा जम्मा आम्दानीको आ.व २०७०/०७१ मा ८५.६९ प्रतिशत र आ.व २०७१/०७२ मा ७७.३० प्रतिशत आम्दानी व्याजबाटनै प्राप्त भएको पाइयो ।

### ४.२.९ सहकारीको वार्षिक खर्च (Annual Expenditure of Coperative)

नमूना छनोटमा परेको सहकारीले गरेको आम्दानी विभिन्न शिर्षकमा खर्च गर्ने गरेको पाइयो । यस संस्थाले दुवै आ.व मा कर्मचारी तलब भत्ता घरभाडा मसलन्द र अन्य कार्यसञ्चालनमा खर्च गर्ने गरेको पाइएको छ । जुन तलको तालिकाबाट देखाइएको छ ।

**तालिका ४.८**

**सहकारीको खर्च विवरण**

| क्र.सं. | विवरण | आ.व. २०७०/०७१ | | आ.व २०७१/०७२ | |
|---|---|---|---|---|---|
| | | रकम रु मा | प्रतिशत | रकम रु मा | प्रतिशत |
| १ | कर्मचारी | २४६७८१.०० | ३१.० | ३५७६५५.०० | २१.९ |
| २ | घर भाडा | ६७५००.०० | ८.५ | १२२०००.०० | ७.५ |
| ३ | मसलन्द | ५६८६५.०० | ७.१ | ९७१३३.०० | ५.९ |
| ४ | अन्य | ४२४५३६.०० | ५३.४ | १०५६९३५.१० | ६४.७ |
| | जम्मा | ७९५६८२ | १००.० | १६३३७२३.१ | १००.० |
| औषत वार्षिक खर्च | | ७९४६.८२ | | १६३३७.२३१ | |

*स्रोत : स्थलगत सर्वेक्षण २०७३*

माथिको तालिका अनुसार यस सहकारी संस्थाले आ.व २०७०/०७१ मा गरेको खर्च रकम रु ७९५६८२ मा कर्मचारी तलब भत्तामा ३१.० प्रतिशत, घर भाडामा ८.५ प्रतिशत,

मसलन्दमा ७.१ प्रतिशत र अन्य व्याज खर्च, कर ह्रासकट्टी, कार्यक्रम सञ्चालन आदि) मा ५३.४ प्रतिशत खर्च गरेको पाइयो । त्यसैगरी आ.व २०७१/०७२ मा गरेको जम्मा खर्च रकम रु१६३३७२३.१ मा कर्मचारी तलब भत्तामा २१.९ प्रतिशत घर भाडामा ७.५ प्रतिशत, मसलन्दमा ५.९ प्रतिशत र अनय (व्याज खर्च, ह्रासकट्टी, तालिम तथा कार्यक्रम सञ्चालन, यातायात, खाजा आदि) मा ६४.७ प्रतिशत खर्च गरेको पाइयो । यसरी अध्ययन गर्दा सहकारीको खर्चको ठूलो भाग अन्य अन्तर्गत खर्च कार्यक्रम सञ्चालन आदिमा भएको पाइयो । माथिको तथ्याङ्क विश्लेषण गर्दा ग्रामिण स्थरमा सञ्चालन गरिएको सहकारीको खर्चको विवरण अनुत्पादक क्षेत्रमा बढि देखिन्छ । यसबाट सहकारीको लक्ष्य र उद्देश्य परिपूर्ति हुने अवस्था आउदैन । तसर्थ उत्पादन मूलक र विकास क्षेत्रमा बढि लगानी र खर्च बढाई, विविध तर्फ, अन्य तर्फ, खर्च पारदर्शी बनाउनु पर्ने देखिन्छ ।

### ४.२.१० बचत अवस्था (Condition of Saving)

नमूना छनोटमा परेको यस सहकारी संस्थाले विभिन्न क्षेत्रबाट प्राप्त गरेको आम्दानीबाट विभिन्न शिर्षकमा खर्च गरी बचत गरेको पाइयो । आ.व २०७०/०७१ मा विभिन्न क्षेत्रबाट जम्मा रु १६२०८२५ आम्दानी गरेकोमा जम्मा रु ७९५६८२ विभिन्न शिर्षकमा खर्च गरी बचत गरेको पाइयो । त्यसैगरी आ.व २०७०/०७२ मा विभिन्न क्षेत्रबाट जम्मा रु २७२१६९४ आम्दानी गरेकोमा जम्मा रु १६३३७२३.१ खर्च गरी बचत गरेको पाइयो । आ.व २०७०/०७१ मा र आ.व २०७१/०७२ को बचत अवस्थालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.९**

**सहकारीको बचतको अवस्था**

| आर्थिक वर्ष | बचत रु.मा | प्रतिशत |
|---|---|---|
| आ.व २०७०/०७१ | ८२५१४३ | ४३.१ |
| आ.व २०७१/०७२ | १०८७९७१ | ५६.९ |
| जम्मा | १९१३११४ | १०० |
| औषत बचत | १९१३१.१४ | |

*स्रोत : स्थलगत सर्वेक्षण २०७३*

माथिको तालिका अनुसार यस सहकारीले आर्थिक वर्ष २०७०/०७१ मा रु ८२५१४३ बचत गरेको पाइयो । त्यसैगरी आ.व २०७१/०७२ मा रु. १०८७९७१ रकम बचत गरेको पाइयो ।

## ४.३ घ्याम्पेसाल बचत तथा ऋण सहकारी संस्थाका सदस्यहरुको उमेर जातिगत र पेशागत विवरण (Age, Caste and Occupation of Ghyampesal Saving and Credit Co-Operative Members)

सहकारीको सदस्यता प्राप्त गरेको व्यक्तिहरुलाई सहकारीमा संलगन भएका सदस्यता भनिन्छ । यस क्रममा अध्ययन क्षेत्रमा रहेका सहकारीमा संलग्न भएका विभिन्न पेसामा आवद्ध सदस्यहरुबाट नमूना छनोटमा परेका सदस्यहरुको अध्ययन सर्वेषण गर्दाको समयमा रहेको उमेर समूह, जातिगत विवरण र पेशागत विवरणलाई निम्न अनुसार देखाइएको छ ।

### ४.३.१ घ्याम्पेसाल बचत तथा ऋण सहकारी सदस्यको उमेरगत विवरण (Age wise Details of Ghyampesal Saving and Credit Co-Operative Members)

नमूना छनोटमा परेका सहकारी संस्थामा संलग्न भएका १०० जना सदस्यहरुको विभिन्न उमेर समूहमा विभाजन गरी अध्ययन गरिएको थियो । छनोटमा परेका सदस्यहरुलाई २० वर्ष भन्दा कम, २० देखि ३० वर्ष, ३० देखि ४० वर्ष, ४० देखि ५० वर्ष र ५० भन्दा माथिको उमेर समूहमा विभाजन गरी अध्ययन गरिएको थियो । अध्ययन सर्वेक्षण गर्दाको समयमा यि विभिन्न उमेर समूहका सदस्यहरुको उमेरगत विवरण निम्न तालिकामा देखाइएको छ ।

**तालिका ४.१०**

**उमेरगत विवरण २०७२**

| क.सं. | उमेर समूह (वर्ष) | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | २० भन्दा कम | २ | ३ | ५ | ५ |
| २ | २०-३० | १४ | १२ | २६ | २६ |
| ३ | ३०-४० | १६ | १६ | ३२ | ३२ |
| ४ | ४०-५० | ६ | १८ | २४ | २४ |
| ५ | ५० भन्दा माथि | ८ | ५ | १३ | १३ |
|  | जम्मा | ४६ | ५४ | १०० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण २०७३*

माथिको तालिका अनुसार नमूना छनोटमा गरेका जम्मा १०० जना सदस्यहरुमध्ये २० वर्ष भन्दा कम उमेर भएका महिला सदस्य २ जना पुरुष सदस्य ३ जना गरी जम्मा ५ जना २०-३० वर्ष उमेर समूहका महिला १४ र पुरुष १२ जना गरी जम्मा २६ जना, ३०-४० वर्ष उमेर समूहका महिला सदस्य १६ र पुरुष १६ जना गरी जम्मा ३२ नना, ४०-५० वर्ष उमेर समूहका महिला ६ र पुरुष १८ जना गरी जम्मा २४ जना र ५० भन्दा माथिका सदस्यहरुमा महिला ८ जना र पुरुष ५ जना गरी जम्मा १३ जना रहेको पाइयो । सबैभन्दा बढि ३०-४० वर्ष उमेर समूहका ३२ जना र सबै भन्दा कम २० वर्ष भन्दा कम उमेर समूहका ५ जना रहेको पाइयो ।

### ४.३.२ घ्याम्पेसाल बचत तथा ऋण सहकारी सदस्यहरुको जातिगत विवरण (Castewise Details of Ghyampesal Saving and Credit Co-Operative Members)

अध्ययन क्षेत्रको रुपमा रहेको मसेल गा.वि.स मा नेपार जातिको बाहुल्यता रहेको छ । यसका साथै क्षेत्री, ब्राह्मण, दमाई, कामी, गुरुङ्ग, जातीहरुको बसोबास रहेको पाइयो । नमूना छनोटमा परेका सहकारीमा संलग्न भएका सदस्यहरुको अध्ययन सर्वेक्षण गर्दाको समयमा पाइएको जातिगत विवरणलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.११**

**जातिगत विवरण २०७१**

| क.सं. | जात | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ब्राहमण, क्षेत्री | १० | १९ | २९ | २९ |
| २ | जनजाति | २५ | २९ | ५४ | ५४ |
| ३ | दलित | ६ | ११ | १७ | १७ |
|  | जम्मा | ४६ | ५४ | १०० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण २०७३*

तालिका ४.११ अनुसार नमूना छनोटमा परेका जम्मा १०० जना सदस्यहरु मध्ये ब्राहमण क्षेत्री महिला सदस्य १० जना पुरुष १९ जना गरी जम्मा २९ जना रहेको पाइयो । त्यसैगरी जनजाति महिला सदस्य २५ जना, पुरुष सदस्य २९ जना गरी जम्मा ५४ जना र दलित महिला सदस्य ६ जना र पुरुष सदस्य ११ जना गरी जम्मा १७ जना सदस्य रहेको पाइयो । जातिय रुपमा जनजातिहरुको सबैभन्दा बढि रहेको पाइयो भने दलितको संख्या कम रहेको पाइयो ।

### ४.३.३ घ्याम्पेसाल बचत तथा ऋण सहकारीको सदस्यहरुको पेशागत विवरण (Occupational Details of Ghyampesal Saving and Credit Co-Operative Members)

नमूना छनोटमा परेका सदस्यहरु विभिन्न पेशामा संलग्न रहेको पाइयो । यस्ता पेशाहरुमा कृषि, व्यापार, लघु उद्यम, नोकरी र मजदुरी रहेको पाइयो । अध्ययन सर्वेक्षण गर्दाको समयमा नमूना छनोटको रुपमा भएका सदस्यहरुका पेसा सम्बन्धी विवरण निम्न तालिकाबाट देखाइएको छ ।

**तालिका ४.१२**

**पेशागत विवरण २०७२**

| क्र.सं. | पेशा | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | कृषि | २१ | १९ | ४० | ४० |
| २ | व्यापार | १४ | १४ | २८ | २८ |
| ३ | लघुउद्यम | ३ | ११ | १४ | १४ |
| ४ | नोकरी | २ | ४ | ६ | ६ |
| ५ | मजदुरी | ५ | ७ | १२ | १२ |
| | जम्मा | ४५ | ५५ | १०० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण २०७३*

तालिका ४.१२ अनुसार अध्ययन क्षेत्रमा नमूना छनोटमा परेका सहकारीमा संलग्न भएका सदस्यहरुका पेशा सम्बन्धी अवस्थालाई हेर्दा सबैभन्दा बढि कृषि पेशामा संलग्न महिला २१ जना र पुरुष २९ जना गरी जम्मा ४० जना रहेको पाइयो भने सबैभन्दा कम नोकरीमा महिला २ जना र पुरुष ४ जना गरी जम्मा ६ जना संलग्न रहेको पाइयो ।

## ४.४ ऋणका स्रोतहरु, ऋण लिनुको उद्देश्य र व्याजदर (Sources of Loan, Objective of Loan and Interest Rate)

नमूना छनोटमा परेका सहकारीमा संलग्न सदस्यहरुले सहकारीमा संलग्न हुनु अघि र पछिका ऋणका स्रोतहरु, ऋण लिनुको उद्देश्य र व्याजदर सम्बन्धी प्रतिक्रियालाई तल उल्लेख गरिएको छ ।

### ४.४.१ घ्याम्पेसाल बचत तथा ऋण सहकारीका सदस्यका लागि ऋणको स्रोत (Source of Loan for Ghyampesal Saving and Credit Co-Operative Members)

नमूना छनोटमा परेका सदस्यहरुले विभिन्न स्रोतबाट ऋण लिने गरेको पाइयो । ऋणका स्रोतहरुमा सहकारी बैंक तथा विविध संस्था साहु महाजन र अन्य (छिमेकी, इष्टमित्र) रहेको पाइयो । उक्त सदस्यहरुको अध्ययन सर्वेक्षण गर्दाको समयमा प्राप्त ऋणको स्रोतको विवरणलाई तलको तालिकामा देखाइएको छ ।

### तालिका ४.१३

### ऋणको स्रोतको विवरण २०७२

| क्र.सं. | ऋणको स्रोत | सदस्य संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सहकारी | ६५ | ६५ |
| २ | बैंक तथा वित्तिय संख्या | १८ | १८ |
| ३ | साहु महाजन/ | ११ | ११ |
| ४ | अन्य इष्टमित्र, छिमेकी | ६ | ६ |
| | जम्मा | १०० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण २०७३*

माथिको तालिकामा अध्ययन क्षेत्रमा सहकारीमा संलग्न सदस्यहरुले ऋण लिने स्रोतको विवरण देखाइएको छ । सदस्यहरुले विभिन्न स्रोतबाट ऋण लिने गरेको पाइयो । जहाँ सहकारी संस्थाबाट ६५ जना बैंक तथा वित्तिय संस्थाबाट १८ जना, साहुमहाजन बाट ११ जना र अन्य (इष्टमित्र, छिमेकी) बाट ६ जनाले ऋण लिएको पाइयो । जसमध्ये सबैभन्दा धेरै ऋण सहकारी संस्थाबाट ६५ प्रतिशतले ऋण लिएको पाइयो । धेरै जनाले सहकारीबाट ऋण लिनुको उद्देश्य सस्तो व्याजदर नै हो ।

### ४.४.२ ऋणका विभिन्न स्रोतका लागि व्याजदर (Interest Rate for Various Sources of Loan)

नमूना छनोटमा परेका सहकारीमा संलग्न भएका सदस्यहरुले यस संस्थामा संलग्न हुनु अघि विभिन्न क्षेत्रबाट ऋण लिने गरेको पाइयो । ऋणको स्रोत अनुसार व्याजदरमा फरक पर्ने हुनाले सहकारी र अन्य स्रोतको  व्याजदर सम्बन्धी व्यवस्थालाई तलको तालिकामा देखाइएको छ ।

तालिका ४.१४

व्याजदर सम्बन्धी व्यवस्था २०७२

| क्र.सं. | ऋणको स्रोत | व्याजदर प्रतिशत |
|---|---|---|
| १ | सहकारी | १४.५ |
| २ | बैंक तथा वित्तिय संख्या | २०.० |
| ३ | साहुमहाजन | ३०.० |
| ४ | अन्य इष्टमित्र, छिमेकी | २४.० |

*स्रोत : स्थलगत सर्वेक्षण २०७३*

माथिको तालिका अनुसार अध्ययन क्षेत्रमा परेका सहकारीमा संलग्न सदस्यहरुले सहकरी संस्थामा संलग्न हुनुभन्दा अघि विभिन्न स्रोतबाट ऋण लिने गरेको पाइयो । ऋणको स्रोत अनुसार व्याजदरमा फरक रहेको पाइएको छ । सहकारीमा संलग्न हुनुपूर्व बैंक तथा वित्तिय संस्थाबाट २० प्रतिशत साहुमहाजनबाट ३० प्रतिशत र अन्य (इष्टमित्र, छिमेकी) बाट २४ प्रतिशतमा ऋण लिने गरेको पाइयो भने सहकारीमा संलग्न भएपछि १४.५ प्रतिशतले ऋण लिने गरेको पाइयो । सस्तो व्याजदरको कारण ऋणिहरुको संख्यामा वृद्धि भएको छ ।

### ४.४.३ सहकारी संस्थाबाट ऋण लिनुको उद्देश्य (Objective of Loan Taking from Co-operative)

यस सहकारी संस्थाले व्यापार, शिक्षा, भवन निर्माण, कृषि लघु उद्यम, वैदेशिक रोजगार, स्वास्थ्य उपचार आदिकालागि ऋण दिने गरेको पाइयो । अध्ययन क्षेत्रमा नमूना छनोटमा परेको सदस्यहरुले कुन-कुन उद्देश्यका लागि कतिले ऋण लिँदा रहेछन् भन्ने कुराको अध्ययनबाट प्राप्त तथ्याङ्कलाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका ४.१५**

**ऋण लिनुको उद्देश्य , संख्या र प्रतिशत (२०७२)**

| क्र.सं. | ऋण लिनुको उद्देश्य | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | व्यापार | २६ | २६ |
| २ | शिक्षा | १५ | १५ |
| ३ | भवन निर्माण | १४ | १४ |
| ४ | कृषि (तरकारी खेती) | ७ | ७ |
| ५ | लघु उद्यम | ५ | ५ |
| ६ | वैदेशिक रोजगार | १३ | १३ |
| ७ | स्वास्थ्य उपचार | ५ | ५ |
| ८ | उपभोग खर्च | १५ | १५ |
|  | जम्मा | १०० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण २०७३*

तालिका ४.१५ अनुसार सहकारीमा संलग्न सदस्यहरुले विभिन्न प्रयोजनका लागि ऋण लिने गरेको पाइयो । जसमध्ये व्यापारकालागि २६ जनाले, शिक्षाका लागि १५ जनाले, भवन निर्माणका लागि १४ जनाले, कृषि (तरकारी खेती) का लागि ७ जनाले त्यस्तैगरी लघु उद्यमका लागि ५ जनाले, वैदेशिक रोजगार का लागि १३ जनाले, स्वास्थ्य उपचारका लागि ५ जनाले र उपभोग खर्चको लागि १५ जनाले ऋण लिएको पाइयो । जहाँ सबैभन्दा बढि व्यापारका लागि २६ जनाले र सबैभन्दा कम लघु उद्यम र स्वास्थ्य उपचारका लागि ५-५ जनाले ऋण लिएको पाइयो । उक्त क्षेत्रमा व्यापार गर्नेको संख्या धेरै भएको कारण व्यापारका लागि लिनेको संख्या पनि उच्च देखिन्छ ।

### ४.४.४ घ्याम्पेसाल बचत तथा ऋण सहकारीका सदस्यहरुको व्याजदर सम्बन्धी प्रतिक्रिया (Ghyrampesal Saving and Credit Cooperative Members about Interest rate)

**यस अध्ययन क्षेत्रमारहेका सहकारी संस्थामा संलग्न सदस्यहरुले अन्य ऋण लिने** स्रोतभन्दा कम व्याजदरमा ऋण सहकारी संस्थाबाट प्राप्त गरेको पाइयो । प्रश्नावलीमा

समावेश भएका सहकारीमा संलग्न सदस्यहरुबाट प्रतिक्रिया लिने क्रममा सदस्यहरुले लिएको ऋणको स्रोतको आधारमा विभिन्न स्रोतबाट प्राप्त ऋणको व्याजदरको बारेमा निम्न किसिमको प्रतिक्रिया पाइयो ।

**तालिका ४.१६**

**व्याजदर सम्बन्धी प्रतिक्रिया २०७२**

| क्र.सं. | प्रतिक्रिया | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महँङ्गो छ | ७ | ७ |
| २ | सामान्य छ | ३० | ३० |
| ३ | सस्तो छ | ५१ | ५१ |
| ४ | अन्य वित्तिय संस्थासँग बराबर छ । | १२ | १२ |
| | जम्मा | १०० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण २०७३*

माथिको तालिका अनुसार छनोटमा परेका सदस्यहरुबाट लिएको प्रतिक्रियामा मंहँगो छ भन्ने ७ जना वा प्रतिशत सामान्य छ भन्नेहरु ३० प्रतिशत, सस्तो छ भन्नेहरु ५१ प्रतिशत र अन्य वित्तिय संस्थासँग बराबर छ भन्नेमा १२ प्रतिशत रहेको पाइयो । उक्त तालिकाबाट के स्पष्ट हुन्छ भने छनोटमा परेको उक्त सहकारी संस्थाले उपलब्ध गराएको ऋणको व्याजदर उपयुक्त नै रहेको पाइयो ।

## ४.५ घ्याम्पेसाल बचत तथा ऋण सहकारी संस्थाको सदस्यहरुको आर्थिक अवस्था (Economic Condition of Ghyampesal Saving and Credit Co-Operative)

यस अध्ययनको मुख्य उद्देश्य सहकारीमा संलग्न भएका सदस्यहरुको आर्थिक अवस्थाको विश्लेषण गर्नु हो । यसका लागि तिनै सदस्यहरुको आम्दानी, खर्च र बचतलाई निम्नानुसार देखाइएको छ ।

### ४.५.१ सदस्यहरुको स्रोतको आधारमा वार्षिक आम्दानी (Annual Income According to source Members)

नमूना छनोटमा परेका सदस्यहरुले कृषि, व्यापार नोकरी बैदेशिक रोजगार र अन्य विभिन्न स्रोतबाट आम्दानी गरेको पाइयो । यसप्रकार सदस्यहरुले सहकारीबाट प्राप्त ऋण, आय र अन्य स्रोतबाट प्राप्त आयको संयुक्त रकमलाई लगानी गरेका थिए । त्यसैले यहाँ सहकारीबाट लिइएको ऋणको मात्र नभई सम्पूर्ण लगानीबाट प्राप्त आयलाई संयुक्त रुपमा देखाइएको छ । सदस्यहरुले सर्वेक्षण गर्दाको समयमा प्राप्त गरेको आम्दानी लाँई छुट्टाछुट्टै रुपमा तलको तालिकामा देखाइएको छ ।

**४.१७**

**स्रोतको आधारमा वार्षिक आम्दानी २०७२**

| क.सं | विवरण | कुल आम्दानी रुमा | प्रतिशत | औषत आम्दानी | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | कृषि | ५७८८२०६.९८ | ३८.५ | ५७८८२.०६ | ३८.५ |
| २ | व्यापार | २५८७७२२.०० | १७.२ | २५८७७.२२ | १७.२ |
| ३ | नोकरी | २०५३०५३.२९ | १३.७ | २०५३०.५३ | १३.७ |
| ४ | वैदेशिक रोजगार | २९५११७४.५५ | १९.६ | २९५११.७४ | १९.७ |
| ५ | अन्य | १६३८५४०.१० | १०.९ | १६३८५.४० | १०.९ |
|  | जम्मा | १५०१८७००.०० | १००.० | १५०१८७.०० | १००.० |
| औषत प्रतिसदस्य वार्षिक आम्दानी | | | | | १५०१८७.०० |

*स्रोत : स्थलगत सर्वेक्षण २०७३*

माथिको तालिका अनुसार नमूना छनोटमा परेका सदस्यहरुको सहकारीमा संलग्न सदस्यहरुले विभिन्न स्रोतबाट आफ्नो वार्षिक आम्दानी गरेको पाइयो । जसमा कृषिबाट रु ५७८८२०६.९८, व्यापारबाट रु २५८७७२२.००, नोकरीबाट रु २०५३०५३.२९, वैदेशिक रोजगारबाट रु २९५११७४.५५ र अन्य (उघु उद्यम,पटके व्यापार आदि) रु १६३८५४०.१० गरी जम्मा सदस्यहरुको जम्मा वार्षिक आम्दानी रु १५०१८७००.०० रहेको पाइयो । तालिका अनुसार सबैभन्दा बढि कृषिबाट ३८.५४ प्रतिशत र सबैभन्दा कम अनय (उघु उद्यम,पटके व्यापार आदि) बाट १०.९१ प्रतिशत आम्दानी रहेको पाइयो । औषत प्रतिसदस्य वार्षक आम्दानी रु १५०१८७.०० रहेको पाइयो भने कुल आम्दानी मध्ये कृषिबाट ३८.५४

प्रतिशत, व्यापारबाट १७.२३ प्रतिशत, नोकरीबाट १३.६७ प्रतिशत बैदेशिक रोजगारबाट १९.६५ प्रतिशत र अन्य क्षेत्रबाट १०.९१ प्रतिशत रहेको पाइयो ।

### ४.५.२ तहगत वार्षिक आम्दानी (Levelwise Annual Income)

नमूना छनोटमा परेका सहकारीमा संलग्न सदस्यहरुको आम्दानी विवरणको स्थिति सम्बन्धमा प्रश्नावलीको माध्यमद्वारा अध्ययन गरिएको थियो । सहकारीमा संलग्न सदस्यहरुलाई ०- ५००००, रु ५०००० - १०००००, रु १००००० देखि १ लाख, ५० हजार, १ लाख ५० हजार देखि रु २ लाख र २ लाख भन्दा बढि आम्दानीगर्ने समूहमा विभाजन गरी अध्ययन गरिएको थियो । यस अध्ययन सर्वेक्षण गर्दाको समयमा प्राप्त आम्दानी विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१८**

**तहगत वार्षिक आम्दानी २०७२**

| क्र.सं. | वार्षिक आम्दानी (रू) | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ०-५०००० | १० | १० |
| २ | ५००००-१००००० | १९ | १९ |
| ३ | १०००००-१५०००० | ३२ | ३२ |
| ४ | १५००००-२००००० | २१ | २१ |
|  | २००००० भन्दा बढि | १८ | १८ |
|  | जम्मा | १०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार नमूना छनोटमा परेका सदस्यहरुको वार्षिक आम्दानी तहगत रुपमा प्रस्तुत गरिएको छ । सहकारीमा संलग्न सदस्यहरुको विभिन्न तहमा वार्षिक रुपमा आम्दानी गरेको पाइयो । जहाँ रु ० देखि ५०००० सम्म आम्दानी गर्ने १० जना, रु ५०००० देखि १००००० सम्म वार्षिक आम्दानी गर्ने १९ जना, रु १०००००-१५०००० सम्म वार्षिक आम्दानी गर्ने ३२ जना, रु १५००००-२००००० सम्म वार्षिक आम्दानी गर्ने २१ जना र रु २००००० भन्दा बढि वार्षिक आम्दानी गर्ने १८ जना रहेको पाइयो । र

१००००० -१५०००० सम्म वार्षिक आम्दानी गर्ने सबैभन्दा बढी ३२ जना र सबै भन्दा कम ५०००० भन्दा कम वार्षिक आम्दानी हुनेहरु १० प्रतिशत मात्र रहेको पाइयो ।

### ४.५.३ क्षेत्रगत वार्षिक खर्च (Sectorwise Annual Expenditure)

नमूना छनोटमा परेका सहकारीमा संलग्न सदस्यहरुले आफ्नो आम्दानीबाट, उपभोग शिक्षा, स्वास्थ्य, चाडपर्व र अन्य क्षेत्रमा खर्च गर्नुहुन्छ भनि गरिएको अध्ययन अनुसार अध्ययन सर्वेक्षणबाट प्राप्त विवरणलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.१९**

**क्षेत्रगत वार्षिक खर्च २०७२**

| क्र.सं | विवरण | कुल रकम | प्रतिशत | औषत रकम | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | उपभोग | ३२३८२०१ | ३३.९० | ३२३८२.०१ | ३३.९० |
| २ | शिक्षा | २२११३३७ | २३.६ | २२११३.३७ | २३.६ |
| ३ | स्वास्थ्य | ८८०३८८ | ९.०१ | ८८०३.८८ | ९.०१ |
| ४ | चाडपर्व | २२४६२०८ | २३.५२ | २२४६२.०८ | २३.५२ |
| ५ | अन्य | ९७४८३६ | १०.२० | ९७४८.३६ | १०.२० |
| | जम्मा | ९५५०९७० | १०० | ९५५०९.७० | १०० |
| औसत प्रतिसदस्य वार्षिक खर्च ☐ ९५५०९.७० | | | | | |

*स्रोत : स्थलगत सर्वेक्षण २०७३*

माथि तालिका अनुसार सहकारीमा संलग्न सदस्यहरुको वार्षिक खर्च मध्ये उपभोग रु ३२३८२०१, शिक्षामा रु २२११३३७, स्वास्थ्यमा रु ८८०३८८ त्यसैगरी चाडपर्वमा रु २२४६२०८ र अन्यमा रु ९७४८३६ वार्षिक रुपमा खर्च गरेको पाइयो । नमूना छनोटमा परेका सदस्यहरुको जम्मा खर्च रु ९५५०९७० रहेको पाइयो भने सबैभन्दा बढि खर्च उपभोगमा ३३.९० प्रतिशत गरेको पाइयो यसरी नै क्रमश शिक्षामा २३.६ प्रतिशत, स्वास्थ्यमा ९.०१ प्रतिशत, चाडपर्वमा २३.५२ प्रतिशत र अन्यमा १०.२० प्रतिशत वार्षिक रुपमा खर्च गर्ने गरेको पाइयो । औसत प्रतिसदस्य वार्षिक खर्च रु ९५५०९=७ रहेको पाइयो ।

### ४.५.४ तहगत वार्षिक खर्च (Levelwise Annual Expenditure)

नमूना छनोटमा परेका सहकारीमा संलग्न सदस्यहरुको विभिन्न तहमा खर्चगर्ने गरेको पाइयो । सदस्यहरु मध्ये आम्दानी कम हुनेले केही कम र आम्दानी बढी हुनेले केही बढि रकम खर्च गर्ने गरेको पाइयो । छनोटमा परेका सदस्यहरुले गरेको वार्षिक तहगत खर्चलाई ० देखि ५०००० सम्म, रु ५०००० देखि रु ७५००० सम्म, रु ७५००० देखि १००००० सम्म, रु १००००० देखि रु १२५००० सम्म र १२५००० भन्दा बढिको समूहमा विभाजन गरी अध्ययन गरिएको थियो । अध्ययन सर्वेक्षण गर्दा विभिन्न तहमा खर्च गर्ने सदस्यहरुको वार्षिक तहगत खर्च तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.२०**

**तहगत वार्षिक खर्च -२०७२**

| क्र.सं. | वार्षिक खर्च | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ०-५०००० | ९ | ९ |
| २ | ५००००-७५००० | २१ | २१ |
| ३ | ७५०००-१००००० | ३१ | ३१ |
| ४ | १०००००-१२५००० | २२ | २२ |
| ५ | १२५००० भन्दा बढि | १७ | १७ |
| | जम्मा | १०० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण २०७३*

माथिको तालिका अनुसार नमूना छनोटमा परेका सहकारीको सदस्यहरुको वार्षिक रुपमा रु ५०००० सम्म खर्च गर्ने ९ जना, रु ५०००० देखि ७५००० सम्म खर्च गर्ने २१ जना, रु ७५०००-१००००० सम्म गर्ने ३१ जना, रु १०००००-१२५००० सम्म खर्च गर्ने २२ जना र रु १२५००० भन्दा बढि खर्च गर्ने १७ जना रहेको पाइयो । वार्षिक रुपमा सबैभन्दा बढि ७५०००-१००००० सम्म खर्च गर्ने ३१ जना र सबैभन्दा कम ०-५०००० सम्म वार्षिक खर्च गर्ने ९ जना वा ९ प्रतिशत रहेको पाइयो ।

### ४.५.५ तहगत वार्षिक बचत (levelwise Annual Saving)

नमूना छनोटमा परेका सहकारीमा संलग्न सदस्यहरुले आफूले विभिन्न स्रोतहरुबाट प्राप्त गरेको आम्दानी विभिन्न क्षेत्रमा खर्च गरी बचत गर्ने गरेको पाइयो । अध्ययन सर्वेक्षणको समयमा प्राप्त वार्षिक बचतको विवरणलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.२१**

**सदस्यहरुको तहगत वार्षिक बचतको अवस्था -२०७२**

| क्र.सं. | वार्षिक बचत (रू) | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ०-२०००० | १५ | १५ |
| २ | २००००-४०००० | १८ | १८ |
| ३ | ४००००-६०००० | ३५ | ३५ |
| ४ | ६००००-८०००० | ११ | ११ |
| ५ | ८००००-१००००० | १२ | १२ |
| | १००००० भन्दा बढी | ९ | ९ |
| | जम्मा | १०० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण २०७३*

तालिका ४.२१ अनुसार सहकारीमा संलग्न नमूना छनोटमा परेका सदस्यहरुले आफ्नो आम्दानीबाट खर्च कटाएर बचतको अवस्थालाई संख्यात्मक रुपमा देखाइएको छ । छनोटमा परेको सदस्यहरुमध्ये वार्षिक रु २०००० सम्म बचत गर्ने १५ जना, रु २०००० देखि ४०००० सम्म बचत गर्ने १८ जना, रु ४००००-६०००० सम्म बचत गर्ने ३५ जना, रु ६००००-८०००० सम्म बचत गर्ने ११ जना र रु ८००००-१००००० सम्म बचत गर्ने १२ जना र १००००० भन्दा बढि वार्षिक बचत गर्ने ९ जना रहेको पाइयो । उक्त तालिका अनुसार सबैभन्दा बढि वार्षिक बचत गर्ने रु ४००००-६०००० सम्म बचत गर्ने ३५ जना र सबैभन्दा कम रु १००००० भन्दा बढि वार्षिक बचत गर्ने ९ प्रतिशत रहेको पाइयो ।

### ४.५.६ वार्षिक बचतको अवस्था (Details of Annual Saving)

सहकारी संलग्न नमूना छनोटमा परेका सदस्यहरुले विभिन्न स्रोतबाट गरेको आम्दानी विभिन्न क्षेत्रमा खर्च गरी बचत गर्ने गरेको पाइयो । छनोटमा परेका १०० जना सदस्यहरुले वार्षिक रुपमा गरेको जम्मा आम्दानीबाट खर्च कटाएर वार्षिक रुपमा गरेको बचतलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.२२**

**सदस्यहरुको वार्षिक बचतको अवस्था -२०७१**

| क.सं. | जम्मा वार्षिक आम्दानी | जम्मा वार्षिक खर्च | जम्मा वार्षिक बचत |
|---|---|---|---|
| १ | १५०१८७००.०० | ९५५०९७०.०० | ५४६७७३०.०० |
| प्रतिसदस्य वार्षिक बचत  ५४६७७.३० | | | |

*स्रोत : स्थलगत सर्वेक्षण २०७३*

माथिको तालिका ४.२२ अनुसार छनोटमा परेका १०० जना सदस्यहरुले विभिन्न स्रोतबाट प्राप्त गरेको जम्मा वार्षिक आम्दानी रु १५०१८७००.०० बाट जम्मा वार्षिक खर्च रु ९५५०९७०.०० कटाएर जम्मा वार्षिक बचत रु ५४६७७३०.०० गरेको पाइयो भने प्रति सदस्य वार्षिक बचत रु ५४६७७.३० बचत गर्ने गरेको पाइएको छ ।

## ४.६ घ्याम्पेसाल बचत तथा ऋण सहकारीका सदस्यहरुको पारिवारिक शैक्षिक अवस्था (Educational status of Ghyampesal Saving and Credit Co-Operative)

उक्त सहकारीमा संलग्न सदस्यहरुको शैक्षिक अवस्था उनीहरुका पारिवारीक शैक्षिक अवस्था, उनीहरुको बालबालिकाहरुको शैक्षिक अवस्था उनीहरुको पढ्न् विद्यालय (नीजि र सरकारी) को बारेमा अध्ययन गरिएको थियो । जस लाई छुट्टाछुट्टै शिर्षकमा देखाइएका.छ ।

### ४.६.१ सदस्यहरुको शैक्षिक अवस्था (Educational status of members)

नमूना छनोटमा परेका सदस्यहरुको शैक्षिक अवस्थालाई निरक्षर र साक्षरको आधारमा अध्ययन सर्वेक्षण गरिएको थियो । निरक्षरमा साधारण पढ्न लेख्न नसक्ने साक्षर

भन्नाले औपचारिक शिक्षा प्राप्त नगरेता पनि प्रौढ शिक्षा पढेकाहरु वा सामान्य रुपमा पढ्न लेख्न सक्ने भएकालाई राखिएको थियो । जसलाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका ४.२३**

**उत्तर दाताहरुको शैक्षिक अवस्था -२०७२**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निरक्षर | ६ | ६ |
| २ | साक्षर | ९४ | ९४ |
| | जम्मा | १०० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण २०७३*

माथिको तालिका अनुसार छनोटमा परेका सहकारीमा संलग्न भएका सदस्यहरुको अध्ययन सर्वेक्षणको समयमा शैक्षिक अवस्थालाई निरक्षर र साक्षरको आधारमा देखाइएको छ । जसमा निरक्षर ६ प्रतिशत र साक्षरमा ९४ प्रतिशत रहेको पाइयो । यसबाट के स्पष्ट हुन्छ भने अध्ययन क्षेत्रमा शिक्षामा पहुँच पुगेको देखिन्छ ।

### ४.६.२ सदस्यहरुको तहगत शैक्षिक अवस्था (Levelwise Education status of Members)

नमूना छनोटमा परेका सदस्यहरुको वर्तमान शैक्षिक अवस्थालाई निरक्षर, साक्षर, प्रा.वि, मा.वि, उच्च तहमा विभाजन गरी अध्ययन सर्वेक्षण गरिएको थियो । छनोटमा परेका सदस्यहरुको शैक्षिक अवस्थाको विश्लेषण गर्नु यस अध्ययनको उद्देश्य रहेको १०० जना सदस्यहरुको साक्षरता र निरक्षरतामा विभाजन गरी साक्षरको पनि विभिन्न तहमा विभाजन गरी अध्ययन सर्वेक्षण गराएको थियो । अध्ययन सर्वेक्षण गर्दाको समयमा सदस्यहरुको शैक्षिक अवस्थालाई तहगत रुपमा निम्न तालिकामा देखाइएको छ ।

**तालिका ४.२४**

**उत्तरदाताहरुको तहगत शैक्षिक अवस्था -२०७२**

| क्र.सं. | शैक्षिक तह | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निरक्षर | ६ | ६ |
| २ | साक्षर | १५ | १५ |
| ३ | प्रा.वि | २३ | २३ |
| ४ | मा.वि | ३७ | ३७ |
| ५ | उच्च शिक्षा | १९ | १९ |
|  | जम्मा | १०० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण २०७३*

माथिको तालिका अनुसार नमूना छनोटमा परेका सहकारीमा संलग्न भएका सदस्यहरुको शैक्षिक अवस्था देखाइएको छ ।जस अनुसार निरक्षर ६ जना, साधारण लेखपढ गर्न सक्ने साक्षर १५ जना, प्राथमिक तह उर्तिण गरेका २३ जना, माध्यामिक तह उर्तिण गरेका ३७ जना, र उच्च शिक्षा हासिल गरेका १९ जना रहेको पाइयो । माध्यमिक तह उर्तिण गरेका सबैभन्दा बढि ३७ जना र सबैभन्दा कम निरक्षर ६ प्रतिशत रहेको पाइयो ।

### ४.६.३ घ्याम्पेसाल बचत तथा ऋण सहकारी संस्थाका सदस्यहरुको बालबालिकाहरुको उमेरगत विवरण (Agewise Distribution of Childrens of Ghyampesal Saving and Credit Co-Operative Members)

नमूना छनोटमा परेका सहकारीमा संलग्न भएका सदस्यहरुको बालबालिकाहरु २१६ जना भएको पाइयो । विभिन्न उमेर समूहमा रहेको पाइयो । सहकारीमा संलग्न सदस्यहरुको बालबालिकाहरुलाई ५ वर्षभन्दा कम, ५ देखि १०, १० देखि १५, १५ देखि २० वर्ष, २० वर्ष देखि २५ वर्ष, २५ भन्दा माथिको उमेर समूहमा विभाजन गरी उमेरगत विवरण संकलन गरिएको थियो । अध्ययन सर्वेक्षण गर्दाको समयमा १०० जना सदस्यहरुको बालबालिकाहरुको उमेरगत विवरण निम्न तालिकामा देखाइएको छ ।

**तालिका ४.२४**

**उत्तरदाताहरुको तहगत शैक्षिक अवस्था -२०७२**

| क्र.सं. | उमेर | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ५ वर्ष भन्दा कम | २३ | १०.६ |
| २ | ५ - १० | २९ | १३.४ |
| ३ | १० -१५ | ४१ | १५.० |
| ४ | १५-२० | ५५ | २५.५ |
| ५ | २०-२५ | ४४ | २०.४ |
| ६ | २५ वर्ष भन्दा माथि | २४ | ११.१ |
| | जम्मा | २१६ | १००.० |

*स्रोत : स्थलगत सर्वेक्षण २०७३*

माथिको तालिका अनुसार नमूना छनोटमा परेका सहकारीमा संलग्न सदस्यहरु १०० को २१६ जना बालबालिकाहरु विभिन्न उमेर समूहमा रहेको पाइयो । जसमा ५ वर्षभन्दा कम उमेरका २३ जना, ५ देखि १० वर्ष उमेर समूहका २९ जना, १० देखि १५ वर्ष उमेर समूहका ४१ जना, १५ देखि २० वर्ष उमेर समूहका ५५ जना, २० वर्ष देखि २५ वर्ष उमेर समूह ४४ जना , २५ भन्दा माथिको उमेर समूहका २४ जना गरी २१६ जना बालबालिका रहेको पाइयो । जसमध्ये सबैभन्दा बढि १५ वर्षदेखि २० वर्ष उमेर समूहका ५५ जना वा २५.५ प्रतिशत र सबैभन्दा कम ५ वर्ष भन्दा कम उमेर समूहका १०.६ प्रतिशत रहेको पाइयो ।

### ४.६.४ बालबालिकाहरु पढ्ने शैक्षिक संस्था सम्बन्धी विवरण (Details of Educational Institution studying children)

अध्ययन क्षेत्रमा रहेको नमुना छनोटमा परेका सदस्यहरुको बालबालिकाहरुको अध्ययन सर्वेक्षण गर्दाको समयमा पढ्दै गरेको शैक्षिक संस्था सम्बन्धी गरिएको यस अध्ययन सरकारी र नीजि गरी छुट्याइएको थियो । यस अध्ययनमा ५ वर्षभन्दा कम उमेर समूहका बालबालिकाहरु विद्यालय नजाने उमेर समूह भएकाले २३ जना बालबालिकालाई विद्यालय नजाने उमेर समूहमा रहेका छन् । विद्यालय जाने उमेर समूहमा पर्ने १९३ जना

बालबालिकाहरुको अध्ययन गर्दाको समयमा शैक्षिक संस्था सम्बन्धी विवरण तालिकामा देखाइएको छ ।

**तालिका ४.२६**

**शैक्षिक संस्था सम्बन्धी विवरण -२०७२**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सरकारी विद्यालय जाने | १२८ | ६६.३ |
| २ | नीजि विद्यालय जाने | ६५ | ३३.७ |
| | जम्मा | १९३ | १००.० |

*स्रोत : स्थलगत सर्वेक्षण २०७३*

तालिका ४.२६ अनुसार छनोटमा परेका सहकारीमा संलग्न सदस्यहरुका बालबालिकाहरु पढ्ने शैक्षिक संस्था सम्बन्धी विवरण देखाइएको छ । जसमा सरकारी विद्यालय जाने १२८ जना र नीजि विद्यालय जाने ६५ जना बालबालिका रहेको पाइयो । ग्रामिण क्षेत्र भएको र नीजि विद्यालय नि.मा.वि सम्म मात्र रहेकोले सरकारी विद्यालय जाने बालबालिकाहरुको संख्या बढी रहेको देखिएको छ ।

### ४.६.५ बालबालिकाहरुको तहगत शैक्षिक विवरण (Levelwise Educational Details of children)

अध्ययन क्षेत्रमा नमूना छनोटमा परेका सदस्यहरुको विद्यालय जाने उमेर समूहका १९३ जना बालबालिकाहरु मध्ये प्रा.वि. तह देखि उच्च शिक्षासम्म अध्ययन सर्वेक्षणका समयमा पढ्दै गरेका बालबालिकाहरुको तहगत शैक्षिक विवरणलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.२७**

**बालबालिकाहरुको तहगत शैक्षिक विवरण -२०७१**

| क्र.सं. | विवरण | बालबालिका संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्राथिमक विद्यालय | ३२ | १६.६ |
| २ | निम्न माध्यमिक विद्यालय | २५ | १३.० |
| ३ | माध्यमिक विद्यालय | २८ | १४.५ |
| ४ | उच्च माध्यमिक विद्यालय | ५३ | ३७.५ |
| ५ | उच्च शिक्षा | ५५ | २८.५ |
| | जम्मा | १९३ | १००.० |

*स्रोत : स्थलगत सर्वेक्षण २०७३*

तालिका ४.२७ अनुसार सहकारीमा संलग्न भएका सदस्यहरुको बालबालिकाहरु प्रा.वि मा ३२ जना, नि.मा.वि मा २५ जना, मा.वि मा २८ जना, उच्च मा.वि मा ५३ जना र उच्च शिक्षाम ५५ जना पढ्दै गरेको १९३ जना मात्र समावेश गरिएको थियो ।

### ४.६.६ तालिम प्राप्त गर्नेको विवरण (Detail of training Receiver)

अध्ययन क्षेत्रमा नमूना छनोटमा परेका सहकारीमा संलग्न सदस्यहरुले आयमूलक सीपमूलक, चेतनामूलक सहकारी शिक्षा, मानव अधिकार नेतृत्व विकास सम्बन्धी तालिम लिइएको पाइयो । अध्ययन सर्वेक्षण गर्दाको समयसम्म प्राप्त गरेको तालिमहरुको विवरण तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.२८**

**तालिम पाउनेको विवरण -२०७२**

| क्र.सं. | तालिमको विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आयमूलक/सीपमूलक | ३२ | ३२ |
| २ | चेतना मूलक | २७ | २७ |
| ३ | नेतृत्व विकास | १९ | १९ |
| ४ | अन्य | १४ | १४ |
| ५ | तालिम नपाएकाहरु | ८ | ८ |
|  | जम्मा | १०० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण २०७३*

तालिका ४.२८ अनुसार सहकारीमा संलग्न सदस्यहरुको विभिन्न किसिमका तालिमहरु प्राप्त गरेको पाइयो । जसमा आयमूलक/सीपमूलक तालिम प्राप्त गर्ने ३२ जना, चेतना मूलक तालिम प्राप्त गर्ने २७ जना, नेतृत्व विकास सम्बन्धी तालिम प्राप्त गर्ने १९ जना अन्य तालिम प्राप्त गर्ने १४ जना र कुनै पनि तालिम प्राप्त नगर्ने ८ जना पाइयो । सबैभन्दा बढि आय मूलक /सीपमूलक तालिम प्राप्त गर्ने ३२ प्रतिशत रहेको पाइयो ।

## ४.७ घ्याम्पेसाल बचत तथा ऋण सहकारी संस्थाको उपलब्धी (Achievement of Ghyampesal Saving and credit cooperative)

नेपालको अन्तरिम संविधान २०६३ ले अर्थतन्त्रको विकासमा (सरकारीण सरकारी र नीजि क्षेत्रका मह□वपूर्ण भूमिकालाई स्वीकार गर्दै सहकारीलाई अर्थतन्त्रको एउटा खम्बाको रुपमा स्वीकार गरेको छ । अहिले गाउँगाउँमा सहकारी संस्थाको स्थापना तिब्र रुपमा भइरहेको पाइन्छ । जसले ग्रामीण क्षेत्रमा विकास गर्ने जनजागरण ल्याउन वित्तिय सेवा पुऱ्याउन रोजगारीको सिर्जना गर्न र कृषि क्षेत्रमा आधुनिकीकरण गर्न जस्ता महत्वपूर्ण कार्यमा सहकारीका मह□वपूर्ण भूमिका देखिन्छ । यस अध्ययनबाट प्राप्त उपलब्धिहरुलाई निम्न अनुसार देखाउन सकिन्छ ।

१.	संगठनात्मक र सामूहिक भावनाको विकास

यस सहकारी संस्थामा संलग्न सदस्यहरु एक आपसमा छलफल सल्लाह, सुझाव, विचारको आदानप्रदानद्वारा संस्थाको क्रियाकलापमा संलग्न हुने र सामूहिक भावनाको विकास भएको पाइयो प्रत्येक ऋणी सदस्यहरुमा समूहमा निर्णय गर्ने प्रक्रिया र तरिका सम्बन्धी राम्रो ज्ञान भएको पाइयो ।

२.	नेतृत्व गर्न सक्ने क्षमताको विकास

यस संस्थामा संलग्न हुनु अघि आफ्नो व्यक्तिगत समस्या बारे बताउन नसक्ने व्यक्तिहरु यस संस्थामा संलग्न भइसकेपछि उनीहरु समाजको समस्याबारे छलफल र निंर्णय गर्न सक्ने आफ्नो हक र अधिकार प्रति सचेत भएको र सामाजिक क्रियाकलाप सक्रिय भई नेतृ□वदायी भूमिका निर्वाह गर्न सक्ने भएको पाइयो ।

३	परिवारिक खर्चको भूमिकामा वृद्धि

सहकारीमा संलग्न भएपछि सहकारीबाट सरल व्याजदरमा ऋण प्रांप्त गरेकोले यसबाट गरिएको लगानीबाट आम्दानी बढेको पाइयो । यस आम्दानीबाट परिवारको खर्चमा धेरै मात्रामा योगदान पुगेको पाइयो ।

४	बचत गर्ने बानीको विकास

यस संस्थामा संलग्न हुनुपूर्व प्राप्त आयलाई खर्च गरी बचत नगर्ने बानी भएका व्यक्तिहरु सहकारीमा संलग्न भएपछि बचत गर्ने क्षमतामा वृद्धि भएको पाइयो । सहकारीबाट प्राप्त ऋण लगानीलाई विभिन्न व्यावसायिक क्षेत्रमा लगानी गरी आम्दानीमा वृद्धि हुन गई जम्मा आम्दानीको केही भाग बचत गर्ने बानीको विकास भएको पाइयो ।

५	आत्म विश्वास वृद्धि

कुनै पनि रोजगारी नपाएर बसेका कतिपय सदस्यहरु आफ्नो जीवनमा केही गर्न नसकेर वा नसकिने रहेछ भनेर दिक्क भएको बेला यस संस्थामा संलग्न भएपछि संस्थाबाट पाएको ऋण सुबिधाले गर्दा विभिन्न व्यवसाय, खेती, उद्यम गर्ने अवसर पाएकोले सदस्यहरुमा केही गर्न सकिन्छ भन्ने आत्म विश्वास बढेको पाइयो ।

६ शैक्षिक अभिमुखीकरण

सहकारी संस्थामा आवद्ध भएका स्थानीय समुदायहरुको शैक्षिक स्तर रामो रहेको पाइयो । आवद्ध समुदायलाई दिइएको शिक्षा सम्बन्धी जनचेतना, साक्षरता कार्यक्रम सम्बन्धी अभिमुखीकरण र बाल अधिकार सम्बन्धी कार्यक्रमले गर्दा आवद्ध समुदायहरुको शैक्षिक स्तर सुधार भएको पाइयो ।

यस संस्थामा संलग्न भएपछि ८० प्रतिशत सदस्यहरुको आर्थिक स्थितिमा सकारात्मक परिवर्तन आएको पाइयो साथै ९० प्रंतिशत सदस्यहरुको यस सहकारी संस्थाबाट सामाजिक, आर्थिक र शैक्षिक क्षेत्रमा सुधारमा सहयोग भएको पाइयो ।

## ४.८ घ्याम्पेसाल बचत तथा ऋण सहकारी संस्थाको समस्याहरुको विश्लेषण (Analysis of Problem of Ghyampesal saving and Credit co-operative)

कुनै पनि कार्यक्रममा सबल पक्षहरु हुँदाहुँदै पनि कतिपय समस्याहरु झेल्नुपर्ने अवस्था आउने भएकोले यस सहकारी संस्था पनि समस्यबाट अछुतो रहेको पाइदैन । त्यसैले ती समस्याहरु पहिचान, मूल्याङ्कन तथा समाधानका उपायहरु निराकरण गरी यथार्थ समस्याको निरुपण गर्दै योजनाबद्ध रुपमा सहकारी संस्था अगाडी बढाउने अवसर मिल्छ । यस अध्ययनमा उत्तरदाताबाट प्राप्त उत्तर समेतका आधारमा यस सहकारी संस्थाका समस्याहरुलाई बुँदागत रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

१ ऋण सम्बन्धी समस्या

यस सहकारी संस्थाका सम्पुर्ण सदस्यहरुले चाहेको समयमा ऋणप्रदान गर्नको लागि आफ्नो पूँजी प्रयाप्त नभएकोले गर्दा सदस्यहरुले चाहेको समयमा ऋण सहयोग उपलब्ध गराउन नसकेका कुरा सहकारीको अध्यक्षबाट थाहा पाइयो । यसले गर्दा सहकारीमा संलग्न सदस्यहरुलाई आफ्नो इच्छा अनुसारको कार्य गर्न गाह्रो भएको पाइयो ।

२. ऋणको दुरुप्रयोग सम्बन्धी समस्या

ऋणको दुरुप्रयोग भन्नाले संस्थाको सदस्यले जुन उद्देश्यले ऋण लिएको हो सोही कार्यमा प्रयोग नगरी अन्यत्र खर्च गर्नु नै ऋणको दुरुप्रयोग हो । यदि ऋण लिएर सदुपयोग

गर्न सकिएन भने उत्पादनमा आशा गरेजति प्राप्त गर्न सकिदैन । जसले गर्दा ऋण भुक्तान गर्न गाह्रो हुन्छ । नमुना छनोटमा परेका सहकारीमा संलग्न सदस्यहरुले सहकारीबाट प्राप्त ऋण उद्देश्य अनुसार नै खर्च गर्ने ८२ प्रतिशत र उद्देश्य अनुसार नगर्ने १८ प्रतिशत रहेका पाइयो ।

३.	ऋण भुक्तानी सम्बन्धी समस्या

यस सहकारी संस्थाबाट सदस्यहरुले निश्चित भाखामा ऋण तिर्ने शर्त गरी ऋण लिएको हुन्छ । संस्थाबाट लिएका ऋण समयमा भुक्तानी गर्नुभएको छ ? भनी सोधिएको प्रश्नमा ८५ प्रतिशतले गरेको छु भन्ने धारणा राखेको पाइयो भने बाँकी १५ प्रतिशतले भुक्तानी गरेको छैन भन्ने धारणा राखेको पाइयो । भुक्तानी गर्नु भएको छैन भने किन नगर्नु भएको ? भनी गरिएको प्रश्नमा ५० प्रतिशत व्यवसाय राम्रोसँग नचलेको २० प्रतिशतले उत्पादक प्रतिफल राम्रो नआएकाले र बाँकी ३० प्रतिशत अन्य विविध कारणले भुक्तानी नगरेको भन्ने धारणा राखेको पाइयो ।

४.	निरीक्षण र अनुगमन सम्बन्धी समस्या

कुनै पनि कार्यक्रमको समय समयमा निरीक्षण तथा अनुगमन गर्न आवश्यक हुन्छ । निरीक्षण बिना असल र खराब पक्षहरुको मूल्याङ्कन गर्न सकिदैन । नमुना छनोटमा परेका व्यापारी सदस्यहरुलाई तपाईले लिएको ऋणको कार्यान्वयन गर्दा सम्बन्धित निकायबाट निरीक्षण वा अनुगमन हुन्छ ? भनी सोधिएको प्रश्नमा ६८ प्रतिशतले हुँदैन भन्ने धारणा राखेको पाइयो भने ३२ प्रतिशतले हुन्छ भन्ने धारणाराखेको पाइयो । यस कार्यक्रमको निरीक्षण र अनुगमन प्रभावकारी नभएकोले यो एउटा समस्याको रुपमा रहेको छ ।

५.	सम्पन्न वर्गको बाहुल्यत

गरिव पिछडिएका दलित, जनजाती तल्लो वर्गका सदस्यहरुलाई उत्पादनमा सक्रिय बनाई उनीहरुको जीवनस्तरमा परिवर्तन ल्याई सचेत र सब्य नागरिक बनाउनका लागि स्थापित यस सहकारी संस्थामा सम्पन्न वर्गका केही सदस्यहरुको बाहुल्यता रहेको पाइयो । यस सहकारी संस्थाले बचत, शेयर, सामूहिक जमानत र धितोको आधारमा ऋण प्रदान गर्ने भएकोले सम्पन्न वर्गका सदस्यहरुको नै बचत, शेयर र सम्पत्ति बढी हुने भएकोले यस्ता

सदस्यहरुले मात्र ऋण ठूलो मात्रामा पाउने गरेको ६५ प्रतिशत सदस्यहरुको धारणा रहेको पाइयो ।

## ४.९ प्राप्तिको सारांश (Finding of Summary)

यो अध्ययन गोरखा जिल्लाको मसेल गा.वि.स. मा सञ्चालन भएको घ्याम्पेसाल बचत तथा ऋण सहकारी संस्थामा संलग्न सदस्यहरुको पारिवारीक, आर्थिक तथा शैक्षिक अवस्थाको विश्लेषण शीर्षकमा गरिएको थियो । यस अध्ययनमा घ्याम्पेसाल बचत तथा ऋण सहकारी संस्थाको परिचय उल्लेख गर्नु, बचत तथा ऋण सहकारी संस्थामा आबद्ध सदस्यहरुको आर्थिक अवस्थाको तुलनामक अध्ययन गर्नु र सहकारीमा संलग्न सदस्यका बालबालिकाहरुको शैक्षिक अवस्था पत्ता लगाउनु प्रमुख उद्देश्य राखिएका थिए । उक्त उद्देश्य पुरा गर्न वर्णनात्मक र विश्लेषणात्मक पद्धति अपनाइएको थियो । जसका लागि तालिका को प्रयोग गरी प्राथमिक र द्धितीय तथ्याङ्कद्वारा विश्लेषण गरिएको थियो ।

प्राथिमक तथ्याङ्क संकलन गर्न सहकारीका अध्यक्ष र सहकारमिा संलग्न भएका सदस्यहरुलाई प्रश्नावलीको माध्यमद्वारा तथ्याङ्क संकलन गरिएको थियो । सहकारीमा संलग्न भएका जम्मा २५० जना छनोट भएका थिए जसमध्ये १०० जना सदस्यहरुलाई समेटिएको थियो । जुन कुल सदस्यको जनसंख्याको ४०% प्रतिशत हुन आउँछ । त्यसैगरी संस्थाका अध्यक्षलाई पनि प्रश्नावलीको माध्यमद्वारा अन्तर्वार्ता लिइएको थियो । यही सदस्यहरुको संख्यालाई प्राथमिक तथ्याङ्कको पमुख स्रोत बनाइएको थियो ।

द्धितीय तथ्याङ्क संकलन गर्ने क्रममा विभिन्न बाह्य स्रोतहरु, मसेल गा.वि.स. कार्यालय, घ्याम्पेसाल बचत तथा ऋण सहकारी संस्था, गोरखा जिल्ला विकास समिति, जिल्ला सहकारी संस्था केन्द्रीय तथ्याङ्क विभाग काठमाडौं र विभिन्न सरकारी तथा गैरसरकारी संस्थाबाट प्रकाशित तथा अप्रकाशित तथ्याङ्कहरुको सहयोग लिइएको थियो । समग्रमा यस सहकारीको विस्तृत अध्ययन गर्दा निम्न लिखित निष्कर्ष पाइयो ।

- यस सहकारी संस्थाको प्रमुख उद्देश्य सदस्यहरुको आर्थिक, सांस्कृतिक र वैयक्तिक क्षमता विकास तथा सदस्य तथा समुदायको सामाजिक विकास गर्नु देखिन्छ ।

- यस सहकारीको आ.व. २०७०/७१ मा कुल पूँजीगत दायित्व रु १३३६००३३.९ र आ.व. २०७१/७२ मा कुल पूँजीगत दायित्व रु २०३९७७७८.४१ रहेको पाइयो भने औषत कुल पूँजीगत दायित्व रु १६३६३८८५.२७ रहेको देखियो ।
- यस सहकारी संस्थाको आ.व. २०७०/७१ मा कुल नगद सम्पत्ती रु १३५५२९३७.५६ र आ.व. २०७०/७१ मा रु. १९९५९६६.३९ रहेको पाइयो ।
- यस सहकारी संस्थाले आ.व. २०७०/७१ मा कुल रु ९१७००५९.०० र आ.व. २०७१/७२ मा रु १६७०२०४०.०० लगानी गरेको पाइयो । आर्थिक वर्ष आ.व. २०७०/७१ मा सबैभन्दा बढि व्यापारमा २९.०० प्रतिशत र सबैभन्दा कम कृषिमा ६.५० प्रतिशत लगानी गरेको पाइयो भने आ.व. २०७१/७० मा सबैभन्दा बढि व्यापारमा नै २७.९५ प्रतिशत र सबैभन्दा कम कृषिमा ६.०३ प्रतिशत लगानी गरेको पाइयो ।
- यस सहकारीद्वारा प्रदान गरिने ऋण भुक्तानी कम्तिमा १ महिना र बढिमा १ वर्ष भित्रमा गर्नुपर्ने रहेको पाइयो र समयमा सावाँ व्याज चुक्ता नगरेमा पहिलो महिनामा १ प्रतिशतले थप गरी असुल गर्ने र छैटौ महिनादेखि ३५ प्रतिशतले र १ वर्षभन्दा बढि भएमा १०० प्रतिशतले जरिवाना स्वरुप लिने व्यवस्था रहेको पाइयो ।
- यस सहकारीमा आ.व. २०७१/७२ मा सदस्यहरुको नियमित बचत रु ३०१३२४४.५४, ऐच्छिक बचत रु ९५२२७३०.६५ र आवधिक बचत रु ४४११५३८.६३ गरी सदस्यहरुको कुल बचत रु १६९५२०५२.८१ रहेको पाइयो ।
- यस सहकारीको आ.व. २०७०/७१ मा कुल आम्दानी रु १६२०८१५ मा कुल खर्च रु ७९५६८२ र कुल बचत रु ८२५१४३ भएको पाइयो र आ.व. २०७९/७१ मा कुल आम्दानी रु २७२१६९४ मा कुल खर्च रु १६३३७२३.१ र कुल बचत रु १०८७९७१ भएको पाइयो ।
- नमूना छनोटमा परेका सहकारीमा संलग्न सदस्यहरु मध्य बाह्मण क्षेत्री २९ प्रतिशत, जनजाति ५४ प्रतिशत र दलित १७ प्रतिशत रहेको पाइयो ।
- सहकारीमा संलग्न सदस्यहरुमध्ये ६५ प्रतिशतले सहकारीबाट १८ प्रतिशतले बैंक तथा वित्तिय संस्थाबाट ११ प्रतिशतले साहु महाजनबाट र ६ प्रतिशतले अन्य (इष्टमित्र, छिमेकी) बाट ऋण लिइएको पाइयो ।

- नमुना छनोटमा परेका सदस्यहरुको कुल वार्षिक आम्दानी रु १५०१८७००.०० रहेको पाइयो भने औषत प्रतिसदस्य वार्षिक आम्दानी रु १५०१८७.०० रहेको पाइयो ।
- नमुना छनोटमा परेको सदस्यहरुको तहगत वार्षिक आम्दानी ०-५०,००० सम्म वार्षिक आम्दानी गर्ने १० प्रतिशत, रु ५००००-१००००० सम्म वार्षिक आम्दानी गर्ने १९ प्रतिशत, रु रु १०००००-१५०००० सम्म वार्षिक आम्दानी गर्ने ३२ प्रतिशत, रु १५००००-२००००० सम्म वार्षिक आम्दानी गर्ने २१ प्रतिशत र रु २००००० भन्दा बढि वार्षिक आम्दानी गर्ने १८ प्रतिशत रहेको पाइयो ।
- नमुना छनोटमा परेका सदस्यहरुको कुल वार्षिक खर्च रु ९५५०९७० पाइयो भने औषत प्रतिसदस्य वार्षिक खर्च रु ९५५०९.७० रहेको पाइयो ।
- नमुना छनोटमा परेकासदस्यहरुको वार्षिक खर्च सबैभन्दा बढी रु ७५०००-१००००० सम्म खर्च गर्ने समूहमा ३१ प्रतिशत र रु ५०००० सम्म खर्च गर्ने समूहमा सबैभन्दा कम ९ प्रतिशत सदस्यहरु रहेको देखिन्छ ।
- सहकारीमा संलग्न सदस्यहरुको जम्मा वार्षिक बचत रु ५४६७७३०.०० रहेको पाइयो भने प्रतिसदस्य वार्षिक बचत रु ५४६७७.३० रहेको देखिन्छ ।
- नमुना छनोटमा परेकासदस्यहरुको वार्षिक बचत सबैभन्दा बढी रु ४००००-६०००० बचत गर्ने समूहमा ३५ पतिशत र सबैभन्दा कम रु १००००० भन्दा बढि बचत गर्ने समूहमा ९ प्रतिशत सदस्य हरु रहेको पाइयो ।
- नमुना छनोटमा परेका सहकारीमा संलग्न सदस्यहरु ९४ प्रतिशत साक्षर र ६ प्रतिशत निरक्षर रहेको पाइयो ।
- सहकारीमा संलग्न सदस्यहरुमध्ये ६ प्रतिशत निरक्षर, १६ प्रतिशत साक्षर, २३ प्रतिशत प्राथमिक तह उर्तिण गरेको ३७ प्रतिशत माध्यमिक तह उर्तिण गरेको १९ प्रतिशत उच्च शिक्षा हासिल गरेका सदस्यहरु देखिन्छन् ।
- नमुना छनोटमा परेका सहकारीमा संलग्न सदस्यहरुको बालबालिका हरु मध्ये १५-२० वर्ष उमेर सूमूहका २५.४६ प्रतिशत सबैभन्दा बढि र २५ वर्ष भन्दा बढि ११.११ प्रतिशत रहेको पाइयो ।

- सहकारीमा संलग्न सदस्यहरुका विद्यालय जाने उमेर समूहमा १९३ जना बालबालिकाहरुमध्ये ६६.३२ प्रतिशत सरकारी विद्यालय जाने र ३३.६८ प्रतिशत नीजि विद्यालय जाने बालबालिकाहरु रहेको पाइयो ।
- सहकारीमा संलग्न सदस्यहरुका बालबालिकाहरु मध्ये १६.५८ प्रतिशत प्रा.वि तहमा १२.९५ प्रतिशत निम्न माध्यमिक तहमा, १४.५० प्रतिशत माध्यमिक तहमा, २७.४६ प्रतिशत उच्च मा.वि तहमा र २८.४९ प्रतिशत उच्च शिक्षामा अध्ययन गर्दै गरेको पाइयो ।
- नमुना छनोटमा परेका सदस्यहरुमध्ये ३२ प्रतिशतले आयमूलक सीपसूलक तालिम प्राप्त गरेको, २७ प्रतिशतले चेतनामूलक तालिम प्राप्त गरेको, १९ प्रतिशतले नेतृत्व विकास सम्बन्धी तालिम १४ प्रतिसतले अन्य तालिम लिएको पाइयो भने ८ प्रतिशतले कुनै पनि किसिमको तालिम नपाएको पाइयो ।
- सहकारीमा संलग्न सदस्यहरुले सहकारीमा संलग्न भएर संगठनात्मक र सामूहिक भावनाको विकास, नेतृत्व गर्न सक्ने क्षमताको विकास, पारिवारिक आम्दानी र खर्चमा वृद्धि बचत गर्ने बानीको विकास र आत्मविश्वासमा वृद्धि जस्ता उपलब्धिहरु प्राप्त गरेको पाइयो ।
- सहकारीमा संलग्न सदस्यहरुको सामुदायिक नेतृत्व विकास भएको कारण १० जना सदस्य हरु विभिन्न विद्यालयको व्यवस्था समितिको सदस्य भएका र ८ जना सदस्यहरु विभिन्न विकास निर्माण आयोजनाको उपभोक्ता समितिमा रहेर काम गरेको देखिन्छ ।

## अध्याय पाँच (CHAPTER : FIVE)

## ५. निष्कर्ष र सुझावहरु (Conclusion and Recommendation)

### ५.१ निष्कर्ष (Conclusion)

गोरखा जिल्ला मसेल गा.वि.स.को अवलोकन, भ्रमण र उत्तरदातबाट प्राप्त प्राथमिक सूचना तथा सहकारी संस्था र अन्य स्रोतबाट प्राप्त द्वितीय वा तथ्यांकको विश्लेषणबाट निम्न बमोजिमका तथ्यहरु सहितको निष्कर्षहरु निम्नअनुसार प्राप्त गर्न सकिन्छ ।

- यस सहकारीले ऋण लगानीमा शैक्षिक तर्फ १३.५ प्रतिशत, कृषि उद्योग, व्यापार तर्फ, १४ प्रतिशत, आवास, जग्गा, घर निर्माण तर्फ १४ प्रतिशत, अल्पकालिन तर्फ १४ प्रतिशत, आवधिक निक्षेप धितोमा १४% र अन्य प्रयोजनको लागि १५ प्रतिशत व्याजदर निर्धारण गरेको पाइयो ।
- यस सहकारीले दिने ऋणको समयावधि कम्तिमा १ महिनादेखी बढीमा १ वर्षसम्मको रहेको देखिन्छ ।
- यस सहकारीले आ.व. २०७०/०७१ मा रु १६२०८१५ र आ.व. २०७१/०७२ मा रु २७२१६९४ कुल वार्षिक आम्दानी गरेको पाइयो । आ.व. २०७०/०७१ को तुलामा २०७१/०७२ मा वार्षिक आम्दानी बढी नै भएको देखिन्छ ।
- यस सहकारीका सदस्यहरुले जम्मा गरेको निक्षेपमा नियमीत बचत तर्फ ८.५ प्रतिशत, ऐच्छिक बचत तर्फ ९ प्रतिशत, आवधिक (१-२ वर्षे) तर्फ ११ प्रतिशत, आवधिक (३-४ वर्षे) तर्फ ११.५ प्रतिशत र आवधिक बतन (५ वर्षे) मा १२.५ प्रतिशत व्याज लिने नीतिगत निर्णय देखिन्छ ।
- यस सहकारी संस्थाको सम्पत्ती तथा दायित्व आ.व. २०७०/०७१ मा रु १३३६००३३.९ र आर्थिक वर्ष २०७१/०७२ मा सम्पत्ति तथा दायित्व रु २०३९७७७८.४१ रहेको देखिन्छ ।
- यस सहकारी संस्थाले गरेको कुल लगानी आ.व. २०७०/०७१ मा रु ९१७००५९.०० र आर्थिक वर्ष २०७१/०७२ को कुल लगानी रु १६७०२०४०.०० रहेको पाइन्छ ।

- यस सहकारीमा आ.व. २०७१/०७२ मा सदस्यहरुको बचत खातामा बचत रु १६९५२०५२.८१ रहेकोमा नियमित तर्फ १७.७८ प्रतिशत ऐच्छिक बतच तर्फ ५६.२० प्रतिशत र आवधिक बचत तर्फ २६.०२ प्रतिशत रहेका छ ।
- यस सहकारीले आ.व. २०७१/०७२ मा रु १०८७९७१ र आ.व. २०७०/०७१ मा रु ८२५१४३ बचत गरेको पाइयो । आ.व. २०७०/०७१ को तुलनामा आ.व. २०७१/०७२ मा बढि बचत गरेको पाइयो ।
- नमुना छनोटा परेका सहकारीमा संलग्न सदस्यहरु ६ प्रतिशत निरक्षर र ९४ प्रतिशत साक्षर रहेको पाइयो ।
- नमुना छनोटमा परेका सहकारीमा संलग्न बालबालिकाहरुमा प्राथमिक तहमा १६.५८ प्रतिशत, निम्न माध्यामिक तहमा १२.९५ प्रतिशत, माध्यमिक तहमा १४.५० प्रतिशत, उच्च माध्यमिक तहमा २७.४६ प्रतिशत र उच्च तहमा २८.४९ प्रतिशत अध्ययन गरिरहेको पाइयो ।
- सहकारीमा संलग्न सदस्यहरुको बालबालिकाहरु मध्ये ६६.३२ प्रतिशत सरकारी विद्यालय जाने र ३३.६८ प्रतिशत निजी विद्यालय जाने गरेको पाइयो ।

## ५.२ सुझावहरु (Recommendations)

माथि अध्ययन गरिएका आधारमा स्थानीय सदस्यहरुलाई उत्पादनमुखी, सिपमुखी, बनाउने र सामाजिक क्रियाकलापमा सक्रिय बनाई गरिबी निवारण गर्ने कार्यमा सहभागी भएका संघसंस्था वा अधिकारीहरुलाई यस्ता कार्यक्रम गर्ने निम्न अनुसार सुझाव रहेका छन ।

### ५.२.१ नीति सम्बन्धी सुझावहरु (Policy related Recommendations)

- गाँउ गाउँमा सहकारीको आवश्यकता बढ्दो भएकोले, यसको विस्तार गर्दै लैजानुपर्दछ ।
- सरकारले सहकारीलाई स्वीकृति, कार्यान्वयन र नियन्त्रण र अनुगमन, अध्यागमन गर्न निति नियमबद्ध पारदर्शी बनाउन उत्प्रेरणा गराउनु पर्दछ ।

- ग्रामीण क्षेत्रमा पनि सहकारीले पहुँच पुऱ्याई, ग्रामिण कृषकहरुलाई आर्थिक क्रियाकलापमा सहभागी गराई उनीहरुलाई सहुलियतपूर्ण ऋण उपलब्ध गराउनु पर्दछ ।
- यस संस्थाले दिने ऋणको अवधि कम्तिमा १ महिना र बढिमा १ वर्ष मात्र भएकोले ऋणको समयवधि कम्तिमा १ वर्षको र बढिमा ३ वर्ष सम्मको बनाउनु पर्दछ ।
- सहकारी, सरकारी र गैरसरकारी निकायहरुबाट पनि राम्रो व्यवसाय संचालन गर्नेहरुलाई हौसला प्रदान गर्न, पुरस्कारको व्यवस्था गर्न सकेमा सम्बन्धित व्यवसमायमा सदस्यहरुको चासो अझै बद्ने थियो ।
- डिभिजन सहकारी कार्यलयहरु जिल्ला स्तरमै स्थापना गरी सहज सेवा प्रवाह गर्नु पार्दछ ।
- सहकारीहरुलाई राज्य स्तरबाट आर्थिक सहयोग र कम व्याजमा ऋण उपलब्ध गराउने नीतिको आवश्यकता
- सहकारीमा आवद्ध सदस्यहरुलाई क्षमता वृद्धि गर्न तालिम सरकारी स्तरबाटै हुनु पर्दछ ।
- ऋणको विमा गर्ने नीति तयार गर्नु आवश्यक ।

### ५.२.२ प्रयोगात्मक क्षेत्रसँग सम्बन्धित सुझावहरु (Practice Related Recommendations)

- सहकारीमा संलग्न सदस्यहरुका केही बालबालिकाहरु विद्यालयभन्दा बाहिर रहेको पाइयो । यसरी विद्यालय भन्दा बाहिर रहेको बालबालिकाहरुलाई विद्यालयमा ल्याउनका लागि सहकारीको नै विभिन्न छात्रवृत्रि कार्यक्रम ल्याई उनीहरुलई छिटो विद्यालयको घेरामा ल्याउनुपर्दछ ।
- ऋण लिने कृषक, व्यापारी सदस्यहरुले ऋण लिंदाको उद्देश्य अनुसार नै परिचालन गरेकी गरेनन भनी वर्षमा कम्तिमा ३ पटमकसम्म अनुगमन गर्नुपर्दछ ।
- कम उत्पादकत्व क्षमता भएका समुदायहरुलाई विशेष प्राथमिकताका साथ सीप तथा आयमूलक तालिम दिने ।

- ऋणको उचित सदुपयोग गरी नियमित रुपमा व्याज भुक्तान गर्ने ऋणीलाई प्रोत्साहन स्वरुप पुरस्कारको व्यवस्था गर्ने ।
- अध्ययनमा समावेश भएका ६ प्रतिशत निरक्षर सदस्यहरुले पनि साक्षर बनाउन साक्षारता अभियान संचालन गर्नुपर्छ ।
- अध्ययनमा समावेश भएका सदस्यहरुले छोरालाई निजी र छोरीलाई सरकारी विद्यालयमा पढाउने गरेको पाइयो । त्यसैले आफ्नो बालबालिका प्रति भेदभाव नगरी छोराछोरी दुवैलाई एउटै वातावरणका लागि लैङ्गिक सचेतना अभियान सञ्चालन गर्ने ।

### ५.२.३. आगामी अनुसन्धानसँग सम्बन्धित सुझावहरु

(**Further Research Related Recommendations**)

- सहकारीले महिला सशक्तीकरणमा पारेको प्रभावको अध्ययन गर्न सकिने छ ।
- सहकारी संस्थाले व्यापारीलाई प्रवाह गरेको ऋणको प्रभावकारिताको अध्ययन गर्न सकिन्छ ।
- सहकारी संस्थाले महिला र साना किसानहरुको आर्थिक शैक्षिक र सामाजिक क्षेत्रमा पारेको प्रभावको अध्ययन गर्न सकिन्छ ।
- सहकारी सम्बन्धी चासो भएका व्यक्तिहरुलाई सहकारी सम्बन्धी ज्ञान लिन सहयोग मिल्नेछ ।

## **सन्दर्भसूची** (References)


अर्थमन्त्रालय. (२०६८). आर्थिक सर्वेक्षण, अर्थ मन्त्रालय, नेपाल सरकार ।

अधिकारी, विष्णु प्रसाद. (२०६७). सहकारी संस्थाले समुदायमा पारेको आर्थिक तथा शैक्षिक प्रभाव, एक अध्ययन, अप्रकाशित शोधपत्र, अर्थशास्त्र शिक्षा विभाग, शिक्षा शास्त्र केन्द्रिय विभाग, त्रि.वि.वि. कीर्तिपुर ।

अधिकारी, विष्णुमाया. (२०६७). सानाकिसान सहकारी संस्थाले कृषकको आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव, एक अध्ययन, अप्रकाशित शोधपत्र, अर्थशास्त्र शिक्षा विभाग, शिक्षा शास्त्र केन्द्रिय विभाग, त्रि.वि.वि. कीर्तिपुर ।

अर्याल, गुरुप्रसाद. (२०६९). सहककारी संस्थाले ग्रामीण कृषकहरुको आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव, अप्रकाशित शोधपत्र, अर्थशास्त्र शिक्षा विभाग, शिक्षा शास्त्र केन्द्रिय विभाग, त्रि.वि.वि. कीर्तिपुर ।

ओझा, यज्ञप्रसाद. (२०६४). विरेन्द्र नगरपालिकामा साना सहकारी संस्थाका सदस्यको सामाजिक र आर्थिक अवस्थाको सिंहावलोकन, अप्रकाशित शोधपत्र, समाजशास्त्र तथा मानविकी केन्द्रिय विभाग, त्रि.वि.वि.कीर्तिपुर ।

कोइराला, पद्ममा. (२०६६). सहकारी संस्था राष्ट्रको आर्थिक सामाजिक, शैक्षिक विकासको अपरिहार्यता (आर्थिक सम्प्रेषण), कीर्तिपुर : अर्थशास्त्र शिक्षा विद्यार्थी समाज, अर्थशास्त्र शिक्षा विभाग, त्रि. वि.वि.कीर्तिपुर ।

कृषि विकास बैंक. (२०५४). कृषि विकास बैंक कुशल नीति, काठमाडौं : कृषि विकास बैंक नेपाल ।

कृषि तथा सहकारी नीति शाखा. (२०६५). कृषि सम्बन्धी नीति, ऐन, नियम र आदेशहरुको संगालो काठमाडौं : कृषि तथा सहकारी मन्त्रालय, योजना महाशाखा, नेपाल सरकार ।

खतिवडा, युवराज. (२०६७). बचत तथा ऋण सहकारी स्थिति, बचत तथा ऋण सहकारी गतिविधिमा काठमाडौं : नेपल बचत तथा ऋण केन्द्रिय संघ ।

घिमीरे , शिव प्रसाद. (२०६८). सहकारीको अवधारणा सहकारी संवाद, ललितपुर, राष्ट्रिय सहकारी विकास वोर्ड ।

ढकाल, सुदर्शन,. (२०६९). सहकारीको सवल तथा कमजोर पक्षहरु, सहकारी संवाद ललितपुर : राष्ट्रिय सहकारी विकास वोर्ड ।

नेपाल, पशुपति. (२०६९). सहकारी सिद्धान्त र व्यवहार, काठमाडौं : पैरवी प्रकाशन ।

नेपाल राष्ट्र बैंक. (२०६९). बैंक समाचार विशेषाङ्क, काठमाडौं : नेपाल राष्ट्र बैंक, नेपाल सरकार ।

महल, ओमदेवी. (२०६९). सहकारीका सकारात्मक पक्ष, सहकारी संवाद ललितपुर : राष्ट्रिय सहकारी विकास वोर्ड ।

राष्ट्रिय सहकारी विकास वोर्ड. (२०६६). सहकारी दिग्दर्शन (वार्षिक अंक), ललितपुरः राष्ट्रिय सहकारी विकास वोर्ड ।

सहकारी प्रशिक्षण केन्द्र. (२०६६). सहकारीता र नेपालमा यसको विकासक्रम, काठमाडौं : सहकारी प्रशिक्षण केन्द्र ।

सहकारी विभाग. (२०७१). नेपालको सहकारी संघ संस्थाहरु सम्बन्धी तथ्याङ्कीय विवरण, काठमाडौं : सहकारी विभाग, नेपाल सरकार ।

सुवेदी, आनन्दप्रसाद. (२०७०). सहकारी संस्थाले गरेको आर्थिक लगानी एक अध्ययन, काठमाडौं : कीर्तिपुर ।

# अनुसूची १

## घ्याम्पेशाल बचत तथा ऋण सहकारी संस्थामा संलग्न सदस्यहरुका लागि तयार पारिएको प्रशनावली (Questionnaire)

**क. विवरणात्मक प्रश्नहरु**

१.१ सदस्यहरुको नाम :

१.२ ठेगाना :

१.३ उमेर :

१.४ पेशा :

१.५ योग्यता :

२. पारिवारिक विवरण

| **परिवार संख्या** | **उमेर समूह** | | | |
|---|---|---|---|---|
| परिवार संख्या | ०-५ | ५-१५ | १५-४५ | ६० माथि |
| महिला | | | | |
| पुरुष | | | | |
| जम्मा | | | | |

३. पारिवारिक शैक्षिक विवरण

| **शैक्षिक स्तर** | **निरक्षर** | **साक्षर** | **प्रा.वि.** | **मा.वि** | **उच्चशिक्षा** |
|---|---|---|---|---|---|
| लिङ्ग | | | | | |
| महिला | | | | | |
| पुरुष | | | | | |
| जम्मा | | | | | |

४. घ्याम्पेशल बचत तथा ऋण सहकारी संस्थामा कहिले देखि सहभागी हुनुभयो ?

वि.सं. ....................................

५. घ्याम्पेशल बचत तथा ऋण सहकारी संस्थामा किन सहभागी हुनुभयो ?

क. ऋण प्राप्त गर्न ( ) ख. उत्पादनमा आत्मनिर्भर हुन ( )

ग. साक्षरताका लागि ( ) घ. छिमेकीहरु सदस्य भएकोले ( )

६. तपाई सहकारी संस्थामा मासिक कति रुपैया जम्मा गर्नुहुन्छ ?

रु ......................

७. सहकारीमा प्रवेशले तपाईको आम्दानीमा वृद्धि गरेको छ ?

क. छ ( ) ख. छैन ( )

८. घ्याम्पेशाल बचत तथा ऋण सहकारी सहभागी हुनुभन्दा पहिले को सँग ऋण लिनु हुन्थ्यो ।

क. अन्य बैंकसँग ( ) ख. आफन्तसँग ( )

ग. साहु महाजनसँग ( ) घ. अन्य भए ( )

९. तपाईको वार्षिक आम्दानी यस संस्थाा सहभागी हुनुभन्दा अगाडी कति थियो र सहभागी भएपछि कति छ ?

क.संलग्न हुनु भन्दा अगाडि रु ..............

ख. संलग्न भएपछि रु ..................

१०. सहकारी संस्थामा गरेको लगानीबाट आएको प्रतिफलले तपाईको कति प्रतिशत खर्च टरेको छ ।

क. १० प्रतिशत ( ) ख. १५ प्रतिशत ( ) ग. २० प्रतिशत ( )

११. सहकारी संस्थामा संलग्न हुनुभन्दा पहिले तपाईको आम्दानी कति थियो ?

रु ..................

१२. सहकारीमा संलग्न भएपछि तपाईको खर्चमा वृद्धि भएको छ ?

क. छ ( ) ख. छैन ( )

१३. तपाईको वार्षिक खर्च यस संस्थामा सहभागी हुनुभन्दा अघि कति थियो र सहभागि भएपछि कति छ ?

क. संस्थामा सहभागी हुनुभन्दा अघि रु .............

ख. संस्थामा सहभागी भएपछि रु .............

१४. सहकारीमा जम्मा गरेर आएको रकमलाई के मा खर्च र्गुहुन्छ ?

क. व्यवसाय ( ) ख. घर खर्च ( ) ग. अन्य ( )

१५. सहकारीमा प्रवेश गरेपछि तपाईको कुन पक्षमा सुधार आएको छ ?

क. आर्थिक ( ) ख. सामाजिक ( )

ग. शैक्षिक ( ) घ. अन्य ( )

१६. तपाईले यस संस्थाबाट कुन उद्देश्यका लागि वार्षिक रुपमा कति ऋण लिनु हुन्छ ?

| उद्देश्य | रकम रु. मा |
|---|---|
| क. शिक्षा | ………………… |
| ख. स्वास्थ्य | ………………… |
| ग. कृषि | ………………… |
| घ. व्यापार | ………………… |
| ङ. वैदेशिक व्यापार | ………………… |

१७. आर्थिक दृष्टिले सहकारी सम्बन्धी तपाईको धारणा के छ ?

क. राम्रो ( ) ख. ठिकै ( ) ग. नराम्रो ( )

१८. सहकाररीमा प्रवेशले तपाईका बालबालिकाको पढाइमा सहयोग गरेको छ ?

क. छ ( ) ख. छैन ( )

१९. सहकारी संस्थामा संलग्न हुनुभन्दा पहिले तपाईका बालबालिकाहरुलाई कहाँ पढाउनु भएको थियो ?

क. सरकारी विद्यालय ( ) ख. निजी विद्यालय ( )

२०. सहकारीमा जम्मा गरेर आएको व्याजबाट विद्यालयको खर्च टार्न सहयोग गरेको छ ?

क. छ ( ) ख. छैन ( )

२१. सहकारी संस्थामा प्रवेश गर्नु भन्दा पहिले र अहिले तपाईको आर्थिक अवस्थामा परिवर्तन आएे छ ?

क. छ ( ) ख. छैन ( )

२२. सहकारमा रुपैंय जम्मा गर्न कुनै समस्या आएको छ ?

क. छ ( ) ख. छैन ( )

२३. सहकारी संस्थाले समयमा व्याज दिन्छ कि दिदैन ?

. क. दिन्छ ( ) ख. दिदैन ( )

२४. सहकारीबाट ऋण लिंदा समस्या छ कि छैन ?

क. छ ( ) ख. छैन ( )

२५. के यो संस्था आफ्नो जस्तो लाग्छ ?

क. लाग्छ ( ) ख. लाग्दैन ( )

२६. हालसम्म तपाईको यस संस्थाबाट कति पटक ऋण लिनु भएको छ ?

क.एकपटक ( ) ख. दुईपटक ( )

ग. तिनपटक ( ) घ. तिनपटक भन्दा माथि ( )

२७. यस संस्थाबाटा तपाईले लिनुभएको ऋणको व्याजदर तपाईलाई कस्तो लाग्छ ?

क. सस्तो ( ) ख. सामान्य ( )

२८. सहकारीबाट प्राप्त ऋण उद्देश्य अनुसार नै खर्च गर्नुहुन्छ ?

क. गर्छु ( ) ख. गर्दिन ( )

२९. उद्देश्य अनुसार खर्च गर्नुहुन्न भने किन खर्च गर्नुहुन्न ?

क. गरिवीको कारणले ( )

ख. उद्देश्य अनुसार खर्च गर्न नजानेर ( )

ग. साहुमहाजनको ऋण तिर्नुपर्ने हुनाले ( )

घ. घरायसी खर्च गर्नुपर्ने भएकाले ( )

३०. संस्थाबाट लिएको ऋण समयमा भुक्तानी गर्नुभएको छ ?

क. गरेको छु ( ) ख. बिर्सिएर ( )

३१. भुक्तानी गर्नुभएको छैन भने किन नगर्नु भएको ?

क. आम्दानी नभएर ( ) ख. बिर्सिएर ( )

ग. छुट पाइएला भनेर ( ) घ. घाटा लागेर ( )

३२. यस संस्थामा सहभागीी भएपछि शिक्षा तथा चेतना मुलक तालिम लिनुभएको छ ?

क. छ ( ) ख. छैन ( )

३३. सहकारीमा कर्मचारीहरु समयमा भेटिदैनन् ?

क. भेटिन्छ ( ) ख. भेटिदैन ( )

३४. सहकारी संस्थाको अफिस सँधै खुल्छ कि खुल्दैन ?

क. खुल्छ ( ) ख. खुल्दैन ( )

## अनुसूचि २

### सहकारी संस्थाका अध्यक्षलाई अन्तर्वार्ताको लागि तयार पारिएको प्रश्नावली

सहकारी संस्सथाको नाम :

ठेगाना :

दर्ता नं. :

दर्ता मिति :

अध्यक्षको नाम :

ठेगाना :

१. यस संस्थामा कहिले देखि संलग्न हुनुभयो ?

.................................. ।

२ यस संस्थाले विशेष गरी कसका लागि कार्यक्रमहरु संचालन गरेको छ ?

.................................. ।

३. यस संस्थाप्रति सदस्यहरु कतिको आकर्षित छन् ?

.................................. ।

४ यस संस्थाले पुऱ्याउँदै आएको सेवा कुन क्षेत्रसँग सम्बन्धीत छ ?

क. .................................. ।

ख. .................................. ।

ग. .................................. ।

घ. .................................. ।

५. के सबै सदस्यहरु सक्रिय रुपमा लागेका छन् ?

....................................... ।

६. यस संस्थाबाट सदस्यहरुलाई ऋण दिंदा के को आधारमा दिनुहुन्छ ?

....................................... ।

७. हालसम्म यस संस्थाबाट जम्मा सदस्य संख्या कति छन् ?

....................................... ।

८. यस संस्थाले गर्दै आएको सेवामा कुनै समस्या आएको छ ?

क. .................................. ।

ख. .................................... ।

९. छ भने कस्ता समस्याहरु आएका छन् ?

क. .................................. ।

ख. .................................. ।

ग. .................................. ।

१०. यसमा देखिएको समस्याहरु समाधानका लागि कस्तो प्रक्रिया अपनाउनु भएको छ ?

क. .................................. ।

ख. .................................. ।

ग. .................................. ।

घ. .................................. ।